# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २२ पूर्णाङ्क ७१ | २०७४ मंसिर १८ गते सोमबार | Monday, December 4, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

काभ्रे । नेकपा (क्रान्तिकारी माओवादी)का काभ्रे जिल्ला समिति सदस्य टेकबहादुर विकको हजुरआमा मखे विश्वकर्मा दिवंगत भएको १२ औं दिनको दिन मिति २०७४र०८र१२ मंगलबार एक श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको छ ।

क्रान्तिकारी माओवादी नेता कार्यकर्ता, आफन्त र गाउँलेहरुको उपस्थितिमा गरिएको श्रद्धाञ्जली कार्यक्रममा क्रान्तिकारी माओवादीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीस, देजमो केन्द्रीय सदस्य कान्छाराम तामाङ, १ नं. निर्वाचन क्षेत्रका प्रतिनिधिसभाका उम्मेदवार शेषनाथ न्यौपाने'किसान', प्रदेशसभा उम्मेदवार शोभा विश्वकर्मा, एकिना थिङ लगायतका नेताहरुले श्रद्धाञ्जली दिएका थिए ।

रोसी गापाको सिपालीमा आयोजित उक्त कार्यक्रमको सञ्चालन क्रान्तिकारी युवा लिगका केन्द्रीय नेता जितबहादुर लामाले गरेका थिए

## देशैभर देजमोको आक्रामक चुनावी प्रचार प्रसार

# 'मुठ्ठी'चिन्हमा भोट माग्दै क्रान्तिकारी माओवादीका शीर्ष नेताहरु

● वर्गदृष्टि संवाददाता

काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचन नजिकिदै जाँदा नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुले चुनावी प्रचार प्रसार र भण्डाफोर कार्यक्रमलाई आक्रामक रुपमा अगाडि बढाइरहेका छन् ।

चुनावी माहौल आफ्नो पक्षमा पार्न घरदैलो, जनभेटघाट, अन्तर्क्रिया, छलफल, पर्चा, पोस्टरिङ, पम्प्लेटिङ गर्दै कोणसभादेखि ठूलासभासम्मको आयोजना तीव्र रुपमा भइरहेका छन् । देजमोको चुनावी प्रचारमा उम्मेदवारहरुदेखि क्रान्तिकारी माओवादीका शीर्ष नेताहरुसमेत हिडिरहेका छन् । पार्टीका महासचिव मोहन वैद्य'किरण', बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, नेताहरु रामसिंह श्रीस, परि थापा, हरिभक्त कँडेल, सल्लाहकार समितिका अध्यक्ष डा. ओम गुरुङ (जो समानुपातिकतर्फ प्रतिनिधिसभाको उम्मेदवार समेत हुनुहुन्छ) दिनेश शर्मा, श्रीनाथ अधिकारी, कमल चौधरी, प्रेम सुवेदी, चन्द्रहरि सुवेदी'अटल', कृष्णदेव सिंह दनुवारदेखि सिंगो पार्टीपंक्ति र मोर्चापंक्ति चुनावी अभियानमा खटेका छन् ।

आगामी मंसिर २१ गते ४५ जिल्लामा प्रतिनिधिसभातर्फ १२८ र प्रदेशसभा सदस्यतर्फ २५६ निर्वाचन क्षेत्रमा निर्वाचन हुँदैछ । दोस्रो चरणमा १ करोड २१ लाख ९८ हजार ८५२ मतदाताले मताधिकारको प्रयोग गर्ने निर्वाचन अयोगले जनाएको छ ।

**"मुठ्ठी" चिन्हमा भोट माग्दै शीर्ष नेताहरु**

निर्वाचन नजिकिदै जाँदा पार्टी र मोर्चाका शीर्ष नेताहरु "मुठ्ठी" चिन्हमा भोट माग्न जिल्ला जिल्लामा पुगेका छन् । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' आफ्नो स्वास्थ्यको प्रतिकूलता वेवास्ता गर्दै देजमोका उम्मेदवारहरुको पक्षमा भोट माग्न चितवन पुग्नुभएको छ ।

यसअघि उहाँले काठमाडौं उपत्यकाका पनि विभिन्न स्थानमा पुगेर देजमोका उम्मेदवारहरुलाई भोट माग्नुभयो । विशेषगरी काठमाडौं उपत्यकाभित्र क्रान्ति तथा परिवर्तनको ऐतिहासिक थलोका रुपमा चिनिने कीर्तिपुरबाट अर्थात् काठमाडौं-१० बाट उम्मेदवार बनेका क्रान्तिकारी माओवादीका जुझारु युवा नेता सुरेश श्रेष्ठको निर्वाचन क्षेत्रमा आयोजित



चुनावी सभाहरुमा महासचिव किरण सरिक हुनुभयो ।

शुक्रबार चितवन पुगेका महासचिव किरणले शुक्रबार नै २ नं. निर्वाचन क्षेत्रको चौबिसकोटीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्नुभयो भने शनिबार विहान माओवादी आन्दोलनका चर्चित जनगायक तथा जनसाँस्कृति आन्दानेलनका अभियन्ता खुशीराम पाख्रिनको श्रद्धाञ्जली सभामा सहभागी हुनुभयो ।

भरतपुर-१९ रामपुर बजारस्थित दिवंगत पाख्रिनको घरमै क्रान्तिकारी माओवादीको जिल्ला पार्टीले आयोजना गरेको श्रद्धाञ्जली सभामा उपस्थित भएर महासचिव किरणले पाख्रिनप्रति श्रद्धाञ्जली दिनुभयो र शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्नुभयो र पार्टीको तर्फबाट समवेदना सन्देश पाख्रिनकी जीवनसंगिनीलाई हस्तान्तरण गर्नुभयो । शनिबारै महासचिव किरणले चितवनको ३ नं. निर्वाचन क्षेत्रको माडी बसन्तपुर सहिद चोकमा आयोजित चुनावीसभालाई सम्बोधन गर्नुभयो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'को चुनावी क्षेत्र रहेको उक्त क्षेत्रमा महासचिव किरणले प्रचण्डलाई चुनौती दिंदै देजमोको तर्फबाट उम्मेदवार बन्नुभएका जनयुद्धका सहिद परिवार समेत रहेका टंकनाथ रेग्मी'गोर्खाली'को चुनाव चिन्ह 'मुठ्ठी'मा भोट माग्नुभयो । माडी क्षेत्रमा क्रान्तिकारी माओवादीको बलियो पकड रहँदै आएको छ ।

त्यही क्षेत्रबाट नेता देवी पौडेलले प्रदेशसभामा उम्मेदवारी दिएका छन् । महासचिव किरण माडी क्षेत्रमा पुगेपछि माओवादी केन्द्रका नेताहरुले असज महसुस गरेको बुझिएको छ । प्रचण्ड पक्षधरहरुले देजमोका उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता लिन घेराबन्दी गर्ने, दबाब दिने र महासचिव किरणसम्म नै डेलिगेसन जानेसम्मको अनैतिक हर्कत गर्ने गरेको क्रान्तिकारी माओवादीकी केन्द्रीय सदस्य, चितवन इन्चार्ज तथा मोर्चाको तर्फबाट समानुपातिक तर्फ प्रतिनिधिसभाकी उम्मेदवार अम्बिका मुडभरीले बताउनुभयो ।

पार्टीका बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल देश दौडाहामा हुनुहुन्छ । पहिलो चरणमा निर्वाचन सम्पन्न भएका दोलखा र रामेछापमा आयोजित सभाहरुलाई सम्बोधन गर्नुभएका नेता गजुरेलले कात्तिक-२५ मा काठमाडौं-१० मा आयोजित सभालाई ...बाँकी ८ पेजमा

## 'दुवै गठबन्धन राष्ट्र लुट्न र जनता ठग्न बनेका हुन्'



बुटबल । देशभक्त जनगणतान्तिकमोर्चा-नेपालका केन्द्रीय सचिव परि थापाले संविधानको खारेजी र संसंदीय व्यवस्थाको भण्डाफोर गर्न मोर्चाले चुनावको क्रान्तिकारी उपयोग गरेको बताउनुभएको छ । उहाँले संसदीय व्यवस्थाबाट जनताले मुक्ति नपाउने दावी गर्नुभयो । देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रुपन्देहीले शुक्रबार देबदहको खैरेनी बजारमा आयोजना गरेको चुनाबी सभालाई सम्बोधन गर्दै नेता थापाले सो विचार व्यक्त गर्नुभएको हो । ...बाँकी ६ पेजमा

## 'संसदीय व्यवस्था र संविधान खारेजीका लागि निर्वाचन उपयोग'



कपिलवस्तु । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपि गजुरेलले जनगणतान्त्रिक व्यवस्था स्थापनाका लागि आफूहरुले चुनावलाई उपयोग गरेको बताउनुभएको छ । प्रतिक्रियावादी राज्य व्यवस्थाको अन्त्य गरी जनगणतान्त्रिक व्यवस्था ल्याउन देजमोका उम्मेदवारलाई मुठ्ठी चिन्हमा मतदान गरेर जिताउन पनि उहाँले आग्रह गर्नुभयो । देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, कपिलवस्तु क्षेत्र नं ३ ले मंगलबार बहादुरगंजमा आयोजना ...बाँकी ६ पेजमा

## 'यो संसदीय व्यवस्था ढल्छ, ढाल्नुपर्छ'



चितवन । शनिवार माडीको बसन्तपुर सहिद चोकमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले नयाँ जनवादी क्रान्ति मुलुकमा पूर्ण नभएकोले फेरि नयाँ ढंगले नयाँ जनवादी क्रान्तिको तयारी गर्नुपर्ने आवश्यकता औल्याउनुभयो । त्यसैगरी शुक्रबार चितवनको चौविसकोटीमा आयोजित चुनावीसभालाई ...बाँकी ४ पेजमा

## उत्तर कोरियाद्वारा ब्यालेस्टिक मिलाइल परीक्षण

एजेन्सी । हालै उत्तर कोरियाले फेरि अर्को लामो दुरीको ब्यालेस्टिक मिसाइल परीक्षण गरेको छ । अमेरिकाको रक्षा मन्त्रालयको प्रारम्भिक मूल्यांकन अनुसार यो एक अन्तर महाद्वीपीय ब्यालेस्टिक मिसाइल हो ।



सो मिसाइल एक हजार किलोमिटरको दुरी पार गर्दै जापान सागरमा खसेको दावी गरिएको छ । दक्षिण कोरियाको समाचार ...बाँकी ७ पेजमा

## गठबन्धनका नेताहरुले छरेको भ्रम र वास्तविकता

प्रतिनिधि सभा र प्रदेश सभाको दोश्रो चरणको निर्वाचन हुन अब केही दिन मात्र बाँकी छ । यो निर्वाचनमा कथित वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धन बीच एकअर्का बीच आरोप-प्रत्यारोप चलिरहेको छ । र, आ-आफूले चुनाव जित्ने दावी प्रस्तुत गरिरहेका छन् । उनीहरुले एकअर्काप्रति लगाइरहेको आरोप र उनीहरुले जनतालाई दिएको झूठो आश्वासनको बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

नेकाले वाम गठबन्धनले जितेमा कम्युनिस्ट अधिनायकवाद लागु हुन्छ, त्यसकारण लोकतान्त्रिक गठबन्धनलाई जिताउनु भनिरहेको छ भने वाम गठबन्धनका नेताहरुले वास्तविक लोकतन्त्रवादी हामी हौं भन्दै स्पष्टीकरण दिइरहेका छन् । यी नेताहरुको भनाईले के

> समाजमा जबसम्म वर्ग रहन्छ, तबसम्म कुनै एउटा वर्गको अधिनायकत्व रहन्छ । राज्यसत्ता भनेको एउटा वर्गले अर्को वर्गमाथि शासन गर्दछ अर्थात् अधिनायकत्व लागु गर्दछ ।



● रामसिंह श्रीस

प्रष्ट पार्दछ भने न वाम गठबन्धनले जितेमा कम्युनिस्ट अधिनायकवाद लागु हुन्छ न लोकतान्त्रिक गठबन्धनले जितेमा जनताले वास्तविक लोकतन्त्रको अभ्यास गर्न पाउँछन् । यी दुवै संसदीय व्यवस्थाका पक्षधर हुन् ।

सर्वप्रथम कम्युनिस्ट अधिनायकवादको विषयमा स्पष्ट हुने कुरा गरौं । समाजमा जबसम्म वर्ग रहन्छ, तबसम्म कुनै एउटा वर्गको अधिनायकत्व रहन्छ । राज्यसत्ता भनेको एउटा वर्गले अर्को वर्गमाथि शासन गर्दछ अर्थात् अधिनायकत्व लागु गर्दछ । पुँजीवादी समाजमा पुँजीपति वर्गको अधिनायकत्व हुन्छ । सामन्ती समाजमा सामन्त वर्गको अधिनायकत्व हुन्छ । समाजवादी समाजमा सर्वहारा वर्गको अधिनायकत्व हुन्छ । नयाँ जनवादी व्यवस्थामा मजदुर, किसानहरु लगायत आम शोषित पीडित जनताको संयुक्त अधिनायकत्व हुन्छ । अहिले नेपालको अवस्थामा अर्धसामन्ती र अर्धऔपपनिवेशिक अथवा नवऔपनिवेशिक अवस्था हो । यहाँको राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको हातमा छ । त्यसैले यहाँ यिनै दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको अधिनायकत्व छ । 'वाम गठबन्धन'मा भएका मुख्य राजनीति शक्ति एमाले र माओवादी केन्द्रले यो प्रतिक्रियावादी संसदीय व्यवस्थालाई नै स्वीकार गरेका छ । स्वीकार गरेका मात्र होइन, यो व्यवस्थलाई अर्थात् त्यो प्रतिक्रियावादी व्यवस्था संचालन गर्ने अहिलेको ...बाँकी ७ पेजमा

## सम्पादकीय

# संघर्षमय निर्वाचन उपयोग

नेपालमा नयाँ जनवादी क्रान्तिको तयारीमा रहेको नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ब्यानरमा स्थानीय तह निर्वाचन, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन उपयोग गरेको छ। रणनीति प्रत्याक्रमणको दोस्रो चरणसम्म पुगेको तत्कालीन जनयुद्धले नेतृत्वले गरेको विश्वासघात र धोकाका कारण जनयुद्धले धक्का खाएर प्रतिक्रान्ति हावी भएको वस्तुगत अवस्था, टुट, फुट र विभाजनका कारण आन्तरिक स्थिति कमजोर रहेको स्थिति र आमूल परिवर्तनको आन्दोलनमा नेतृत्वले पटक पटकको धोका र गद्दारी गरेका कारण आम जनता र क्रान्तिकारी पंक्तिमा समेत निराशाको बादल मडारिरहेको अवस्थामा आफ्नो शक्ति सञ्चय गर्ने, गतिशिल र जुझारु बनाउँदै आत्मगत अवस्थालाई सुदृढ गरेर जानुपर्ने विश्लेषणका आधारमा क्रान्तिकारी माओवादीले वर्तमान दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्था वा सत्ताले आयोजना गरेको निर्वाचनको उपयोग गरेको हो । संसदीय व्यवस्था, सत्ता र संविधानको राष्ट्रविरोधी तथा जनविरोधी चरित्रको भण्डाफोर गर्ने, पार्टी तथा मोर्चाका नीति कार्यक्रमहरुलाई जनतामाझ पुऱ्याउने, संसदीय व्यवस्थाका पक्षधर दलहरुले जनतामा फैलाएको भ्रमलाई चिर्ने र आमूल परिवर्तनका पक्षधर जनतालाई क्रान्तिकारी आन्दोलनमा संगठित गर्ने उद्देश्यलाई केन्द्रमा राखेर संघर्षकै एउटा मोर्चाको रुपमा निर्वाचन उपयोगको कार्यनीतिमा सिंगो पार्टीपंक्ति वा मोर्चापंक्तिलाई परिचालन गरिएको छ ।

कतिपयले सोचे वा अड्कलबाजी गरेभन्दा व्यापक र हस्तक्षेपपूर्ण तरिकाले देजमोको तर्फबाट दिइएको उम्मेदवारी, चुनावी प्रचार प्रसार तथा भण्डाफोर सभाहरुको व्यापक मात्रामा गरिएको आयोजना, जनताबीचमा गरिएका क्रान्तिकारी विचारहरुको प्रस्तुतीले संसदवादी पार्टी र तिनका नेताहरुका त्रास पैदा भएको छ भने देशी तथा विदेशी प्रतिक्रियावादीहरुको पनि पार्टी र मोर्चाप्रति सोधीखोजी बढेर गएको छ । देजमोबाहेक निर्वाचनमा भाग लिएका सबै राजनीतिक पार्टीहरु वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधानलाई मान्दछन् । संसदीय व्यवस्थाका पक्षधरहरु लोकतान्त्रिक र वाम गठबन्धन बनाई दुईवटा ध्रुवमा ध्रुवीकृत भएका छन् भने देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले कुनै पार्टी वा शक्तिसँग तालमेल, सहकार्य तथा गठबन्धन नबनाई एकल रुपमा उम्मेदवारी दिएको छ । तालमेल वा गठबन्धनमा सरिक भएर जाँदा संसदवादी पार्टीहरुले राष्ट्रिय पार्टी बन्नका लागि तय गरेको मापदण्ड सजिलै पूरा गर्न सकिने पर्याप्त अवसर र आधार हुँदा हुँदै पनि मोर्चाले किन एक्लै उम्मेदवारी दिएको हो भनेर धेरैले आश्चर्य पनि मानेका छन् । तर मोर्चाका नेताहरु पटक पटक दोहोऱ्याएर भनिरहेका छन् कि हामी संसदीय व्यवस्था, सत्ता र संविधान मान्दैनौं, त्यसको खारेजी चाहन्छौं, यो व्यवस्थालाई जरैदेखि उखेलेर फालेर नयाँ जनवादी राज्यव्यवस्थाको स्थापनाका निम्ति नयाँ जनवादी क्रान्तिको तयारीमा अगाडि बढेका छौं, निर्वाचन उपयोगको माध्यमबाट जनसम्बन्ध सुदृढ पारिरहेका छौं ।

देशलाई भारतीय विस्तारवादी तथा साम्राज्यवादी हस्तक्षेपबाट मुक्त नपारी स्वाधीन रुपमा अर्थतन्त्रको विकास गर्न नसकिने र आर्थिक समृद्ध पनि कोरा नारामा मात्र सीमित हुने बताउँदै आएको क्रान्तिकारी माओवादी तथा मोर्चाले मुलुकमा आर्थिक क्रान्ति तथा समृद्धिका लागि पहिले नयाँ जनवादी क्रान्तिको कोर्स पूरा गर्नुपर्ने निष्कर्षमा आफूलाई उभ्याउँदै आएको छ । चौतर्फी संसदवादी, अवसरवादी र संशोधनवादी शक्तिहरुको घेराबन्दी, एक हिसाबले आर्थिक नाकाबन्दी गरिएको अवस्थामा चरम अभाव र समस्याबीच सिंगो पार्टीपंक्तिमा देखिएको गतिशिलता र चुनावी प्रतिस्पर्धामा आफ्नो हार प्रायः निश्चित जस्तो हुँदा पनि पूरै आत्मविश्वास र उत्साहका साथ उम्मेदवारी दिनु र सानै शक्ति किन नहोस् एकजुट भएर जनताको घरदैलोमा पुग्नुले देशैभर पार्टी र मोर्चालाई स्थापित मात्रै गरेको छैन, ठाउँ ठाउँमा वैकल्पिक नेतृत्वहरु पनि स्थापित भएका छन् । यसर्थमा साँच्चै संघर्षमय बनेको छ क्रान्तिकारी माओवादी र देजमोका लागि निर्वाचन उपयोगको कार्यनीति । र, यसले क्रान्तिको तयारीका लागि ठोस रुपमा अर्को कार्यनीतिक स्टेप चाल्न क्रान्तिकारी माओवादी तथा मोर्चाको नेतृत्वलाई ठूलो शिक्षा तथा अनुभव पनि प्राप्त भएको छ ।

# पार्टी प्रकाशनका सम्बन्धमा



● लेनिन ●

**कम्युनिष्ट अखबारले के गर्नुहुन्छ, के गर्नु हुँदैन ?**

पार्टीले अथक परिश्रम गरेर कम्युनिष्ट प्रकाशनलाई विकसित गर्नुपर्छ । पार्टीका निर्देशनहरुको अधीन नहुने अखबारले कम्युनिष्ट मुखपत्रका रुपमा मान्यता प्राप्त गर्न सक्दैन ।

पार्टीले धेरै अखबारहरु चलाउनु भन्दा राम्रा अखबारहरु चलाउन बढी ध्यान दिनुपर्दछ । प्रत्येक कम्युनिष्ट पार्टीसँग एउटा राम्रो र संभव भए दैनिक केन्द्रीय मुखपत्र हुनुपर्दछ ।

कम्युनिष्ट समाचारपत्र कहिल्यै पुँजीवादी अभियान हुनुहुँदैन, जस्तो पुँजीवादी र प्रायः समाजवादी समाचारपत्र हुन्छन् । हाम्रो अखबार सम्पूर्ण पुँजिवादी, ऋण संस्थाहरुबाट स्वतन्त्र हुनु पर्दछ । विज्ञापनको कुशलतापूर्ण संगठन, जसले कानुनी जनपार्टीहरुका हाम्रा अखबारहरुको अस्तित्वलाई संभव बनाउँछ, ले ठूला विज्ञापनदाताहरुमा कहिल्यैपनि निर्भर रहनु हुँदैन । यसका विपरीत सर्वहाराका सम्पूर्ण सामाजिक प्रश्नहरुका बारेमा पत्रिकाको रवैयाले सबै हाम्रा जनपार्टीहरुमा बढी सम्मान निर्माण गर्नेछ ।

हाम्रा अखबारहरुले उत्तेजनाको आकांक्षालाई पूर्ति गर्ने वा साधारण जनताको मनोरञ्जनको साधन बन्ने काम गर्नु हुँदैन । 'सम्माननीय' बन्ने प्रयत्नमा निम्नपुँजीवादी लेखकहरु वा पत्रकार विशेषज्ञहरुको आलोचनाका अघि तिनले आत्मसमर्पण गर्नु हुँदैन ।

कम्युनिष्ट अखबारले सर्वप्रथम, उत्पीडित र लडाकु मजदुरहरुको हितहरुलाई संरक्षण-सम्बर्द्धन गर्नुपर्दछ । यसले हाम्रो उत्तम आन्दोलनकारी र सर्वहारा क्रान्तिको नेतृत्वदायी प्रचार बन्नुपर्दछ ।

हाम्रो अखबारको उद्देश्य पार्टी सदस्यहरुका क्रियाकलापहरुबाट सबै मूल्यवान् अनुभवहरु बटुल्नु र कम्युनिष्टहरुका कार्यविधिहरुमा निरन्तर संशोधन र सुधारको निम्ति मार्गनिर्देशकको रुपमा ती अनुभवहरुलाई हाम्रा कामरेडहरुसामु व्यक्त गर्नु हो ।

कम्युनिष्ट अखबार र विशेषतः हाम्रो मुख्य अखबारको यसकिसिमको सर्वसमावेशी संगठनात्मक कार्यद्वारा यस निश्चित उद्देश्यलाई दृष्टिमा राखेर हामी कम्युनिष्ट पार्टीमा जनवादी केन्द्रीयतालाई संस्थापित गर्न सक्षम हुनेछौं र कुशलतापूर्वक कार्यविभाजनमा अघि बढ्नेछौं यसरी पार्टीले आफ्नो ऐतिहासिक उद्देश्य सम्पादन गर्न समर्थ हुनेछ ।

**कम्युनिष्ट अखबारको संगठन**

कम्युनिष्ट अखबारले एक कम्युनिष्ट अभियान बन्न प्रयत्न गर्नुपर्दछ अर्थात् यो एउटा सर्वहारा लडाकु संगठन हुनुपर्दछ, क्रान्तिकारी कार्यकर्ताहरुको क्रियाशील समुदाय बन्नुपर्दछ । अखबारलाई नियमित योगदान दिने सबै लेखकहरु, सम्पादकहरु, कम्पोजिटरहरु, प्रेसम्यानहरु र वितरकहरु, स्थानीय सामाग्री संकलन गरेर तिनबारे समाचारपत्रमा विवेचना गर्नेहरु, त्यसलाई प्रसारित गर्नमा प्रत्येक दिन क्रियाशील हुनेहरु, आदिको यसले क्रियाशील समुदाय बन्नुपर्दछ । अखबारलाई साँच्चैको लडाकु मुखपत्र र कम्युनिष्टहरुको बलियो क्रियाशील समुदायमा परिवर्तन गर्न केही व्यावहारिक उपायहरु अपनाउनु आवश्यक हुन्छ ।

एक जना कम्युनिष्टले आफ्नो अखबारसँग घनिष्ठभन्दा घनिष्ठ सम्बन्धमा रहनुपर्दछ, किनभने उसले यसका निम्ति काम र त्याग गर्नुपर्दछ । अखबार उसको त्यस्तो दैनिक हतियार हो जसलाई उपयोगका निम्ति तम्तयार राख्न दिनैपिच्छे दरिलो र धारिलो बनाइरहनुपर्दछ । कम्युनिष्ट अखबारको अस्तित्वका लागि अति विशाल भौतिक र आर्थिक बलिदानको आवश्यकता निरन्तर रहिरहनेछ । जबसम्म कम्युनिष्ट आन्दोलनको स्वयं बलियो आधार बन्ने गरी यो त्यस्तो दृढसंगठनको स्थितिमा पुग्नेछैन र कानुनी जनपाटी बीच त्यसो व्यापक प्रसारमा पुग्ने छैन त्यति खेरसम्म यसको विकास र आन्तरिक सुधारका साधनहरु आम पार्टी सदस्यहरुबाट नै निरन्तर आपूर्ति हुनुपर्दछ ।

अखबारका निम्ति एक सक्रिय प्रचारक र प्रवर्तक हुनु मात्र पर्याप्त हुँदैन, यसअतिरिक्त यसका निम्ति एक लेखदाता बन्नु अति आवश्यक छ ।

दुर्घटनादेखि मजदुरहरुको आमसभासम्म, सिकारु नयाँ मजदुरमाथि हुने दुर्व्यवहारदेखि सम्बन्धित संस्थानको आर्थिक प्रतिवेदनसम्म, कारखानामा हुने सामाजिक वा आर्थिक चासोका प्रत्येक घटनाहरु अखबारमा तत्काले जानकारी गराइनुपर्दछ । ट्रेड युनियनका प्रयाक्सनहरुले आफ्ना बैठक र सचिवालयका महत्वपूर्ण निर्णय एवं प्रस्तावहरुका साथै हाम्रा शत्रुहरुका कुनै पनि विशिष्ट कार्यहरुको जानकारी गराउनु पर्दछ । सडकका सार्वजनिक जीवन र सभाहरुले सचेत पार्टी सदस्यहरुलाई प्रायः सामाजिक आलोचनाका अवसरहरु प्रदान गर्नेछन्, विस्तृत रुपमा हाम्रो अखबारमा छापेका ती सामाग्रीले उदासीन पाठकहरुका समेत जीवनका दैनिक आवश्यकतालाई हामी कति ख्याल राख्तछौं भन्ने प्रदर्शन गर्नेछन् ।

**मजदुरहरुका चिठ्ठीपत्रहरु**

मजदुरहरु र मजदुरवर्गका संगठनका जीवनबाट आएका यस्ता चिठ्ठीपत्रहरुलाई सम्पादक-मण्डलले विशेष जतन र स्नेहका साथ व्यवहार गर्नुपर्दछ, उनीहरुले यस्तो सामग्रीहरुलाई हाम्रो अखबार र मजदुरहरुको जीवनका बीच रहेको प्रगाढ सम्बन्धका भावनाहरुलाई सम्प्रेषण गर्न सहयोग पुऱ्याउने संक्षिप्त टिप्पणीहरुका रुपमा प्रयोग गर्नुपर्दछ वा साम्यवादका सिद्धान्तहरुको व्याख्या गर्न मद्दत पुऱ्याउने मजदुरहरुको दैनिक जीवनबारे लिइएका व्यावहारिक उदाहरणका रुपमा ती प्रयोगहरु हुनुपर्दछ । संभव भएका सबै ठाउँमा सम्पादक-मण्डलले सुविधाजनक समयमा दिनका केही घण्टाहरु मजदुरहरुलाई भेट्नका निम्ति छुट्याएर उनीहरुका इच्छाहरु वा जीवनका कठिनाइका सम्बन्धमा उनीहरुका गुनासाहरु सुन्न तयार हुनुपर्दछ । ती कुराहरुलाई उनीहरुले नोट गर्नुपर्दछ र पार्टीका ज्ञान उन्नत बनाउनका लागि प्रयोग गर्नुपर्दछ ।

**प्राभ्दाको उदाहरण**

निश्चय नै पुँजीवादी व्यवस्थाअन्तरगत हाम्रा अखबारहरुका निम्ति कम्युनिष्ट मजदुरहरुको एक उत्तम समुदाय बन्नु असंभव जस्तै हुनेछ । तथापि, अत्यन्त कठिन परिस्थितिहरुमा समेत यस्तो क्रान्तिकारी अखबारको संगठनमा केही सफलता प्राप्त गर्नु संभव हुनेछ । सन् १९१२-१३ को अवधिमा हाम्रा रुसी कमरेडहरुको अखबार 'प्राभ्दा' द्वारा यो प्रमाणित भएको छ । यसले वास्तवमै अति महत्वपूर्ण रुसी केन्द्रहरुका सचेत क्रान्तिकारी मजदुरहरुको स्थायी र सक्रिय संगठनको प्रतिनिधित्व गरेको थियो र कमरेडहरुले अखबारको सम्पादन, प्रकाशन र वितरणका लागि आफ्नो सामूहिक शक्ति उपयोग गरेर तिनीहरुमध्ये धेरैले आफ्नो निजी कामहरु गर्नुका साथसाथै आफ्नो कमाइबाट अखबारका लागि धन जोगाए । यसको सट्टामा समाचारपत्रले उनीहरुले आकांक्षा गरेका, त्यतिखेर उनीहरुका लागि आवश्यक भएको र आफ्ना काम र संघर्षहरुमा आजसमेत उनीहरुले प्रयोग गर्न सक्ने सबैभन्दा राम्रा वस्तुहरु उपलब्ध गरायो । यस्तो किसिमको एक समाचारपत्रलाई पार्टी सदस्यहरु र अरु क्रान्तिकारी मजदुरहरुले वास्तवमै र साँच्चै 'हाम्रो समाचारपत्र' भन्न सक्तछन् ।

**जनअभियान संचालनको साधन**

जोधाहा कम्युनिष्ट प्रकाशनका निम्ति उचित मूलतत्व पार्टीद्वारा सञ्चालित अभियानहरुमा प्रत्यक्ष सहभागिता नै हो । कुनै खास समयमा पार्टीको गतिविधि निश्चित अभियानमा केन्द्रित भएको छ भने मुखपत्रको कर्तव्य सम्पादकीय पृष्ठहरु मात्र होइन, यसका सम्पूर्ण विभागहरुलाई यस विशेष आन्दोलनको सेवामा लगाउनु हो । सम्पादक-मण्डलले यस आन्दोलनलाई सहयोग पुऱ्याउन सामग्री र श्रोतहरु उपलब्ध गराउनु पर्दछ, जुन सार र रुप दुवैमा अखबारको सुरुदेखि अन्तसम्म समावेश गरिएको हुनुपर्दछ ।

'आफ्नो समाचारपत्र'का निम्ति चन्दा संकलन एउटा व्यवस्थामा रहेर गरिनुपर्दछ । यसको निम्ति पहिलो कुरो मजदुरमा हलचल ल्याउने हरेक अवसर र कुनै विशेष घटनाहरुद्वारा मजदुरहरुको राजनीतिक तथा सामाजिक चेतना जागृत गराउने रहेक परिस्थितिलाई प्रयोगमा ल्याइनुपर्दछ । यसरी, हरेक ठूलो हड्ताल, आन्दोलन वा तालाबन्दीले जुन भइरहेको बेला समाचारपत्रले खुला र शक्तिशाली रुपमा मजदुरहरुको हितको रक्षा गरेको हुन्छ, पछि आन्दोलनमा सहभागी भएकाबीच प्रचारको क्रियाकलाप संगठित र संचालित गरिनुपर्दछ । समाचारपत्रका लागि ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# वाकयुद्ध

संसदवादी लोकतन्त्र (यथार्थमा ठोकतन्त्र) धरापमा पर्न थालेपछि प्रभुद्वारा निर्मित संविधानसभाबाट आफैंले जारी गरेको संविधान सत्ताधारी सिण्डिकेटेहरुलाई घाँडो भयो । एकातिर संविधान जारी भएकै दिनबाट त्यो सडकमा जल्न पनि सुरु भयो भने अर्कोतिर संविधान जारी गर्ने लाउके तीनदलीय सिण्डिकेटवाला दलहरुले पनि त्यसलाई लगौंटी बनाएर लगाउन थाले । संविधानमा केन्द्र सरकार २५ जना भन्दा माथी नबढाउने भनेको छ यिनीहरुले त्यसको दोब्बर र तेब्बर पुऱ्याइदिए । ६ जनासम्म उपप्रधानमन्त्री पुऱ्याएर भागशान्ति विलो लाएर राष्ट्रको ढुकुटी रित्याए । स्थानीय सरकारमा दिइएका कतिपय अधिकार कटौती गरेर संविधान संसोधन गरे । महिलालाई ३३ प्रतिशत संसद र सरकारमा पुऱ्याउनु पर्छ भनेर लेखे तर सरकारमा लैजाने हैसियतमा कोही पनि महिला देखेनन् । हुँदाहुँदा अहिलेको दुइतले चुनाउमा प्रत्यक्ष उमेद्वार बनाउने हैसियतका महिला नै देखेनन् र जताततै पुरुषैपुरुषको डुङ्गुर उठाइदिए । त्यो पनि गाँठ भएकाहरूलाई मात्रै अघि सारे । एकजना बामपन्थी नामका लाउके दलका दोस्रो बरियताका लाउके नेताले त म पैसा खर्च गर्न नसक्ने भएकै कारण प्रत्यक्ष रुपमा चुनाउमा लडिन भनेर खुलेआम बयान दिए । आफै बोक्सी आफैं धामी बनेर पनि यिनलाई हाइसन्चो भएन । बजार भाउ महङ्गिएभैं चुनाउको भाउ पनि महङ्गो भयो । ठूल्ठूला डन, गुप्त ब्यापारी र कर्पोरेट घरानियाँहरुलाई नै टिकेट दिनुपर्ने भयो । या त आजिबन सरकारमा बसेर डकारेका, धनपैसो जोहो गरेका र उद्योगपति, गुप्त ब्यापारी, ठेकेदारहरुलाई पट्याउन सक्नै हैसियत बनाएका हरेक दलका लाउकेहरुलाई मात्रै टिकेट दिनुपर्ने भयो । यसो हुँदा तीनदले लाउकेहरुलाई आआफ्नै दलबाट बागी उठ्ने र परेसान खेलाउने स्थिति पैदा भयो । अर्कोतिर सानासाना दल पनि समानुपातिकको दुलोबाट संसदमा छिर्ने र सरकार बनाउनेबेला परेसान खेलाउने स्थिति यो संविधानले खुला गरिदिएका कारण लाउकेदलहरुलाई गठबन्धनको दाम्लो बाट्नुपर्ने परिस्थिति आइलाग्यो । अनि बाटिए दुईतिर दुईवटा गन्धनका दाम्ला ।

यो चुनाउमा सबैभन्दा ठूलो सकस माकेका सुप्रिमोलाई आइपऱ्यो । चारतारेसित मिलेर चुनाउ लड्दा पनि पुत्रीलाई जिताउन डुँगा चढेर महासागरको भेल तर्न खोजेजस्तै भयो । अहिले आफ्नो जिल्ले आधारै भत्किएपछि बाम गठबन्धनको दाम्लो बाट्नु पर्ने अबस्था आइलाग्यो । अनि बाटियो बाम गठबन्धनको दाम्लो । यो दाम्लोबाट अत्तालिएर रन्फनिएको चारतारेले पनि लोकतन्त्रे दाम्लो बाट्यो । दुबैतिर आआफ्ना थरगोत्रीयहरुलाई जुटाएर दुईवटा दाम्ला बाटिए । गठबन्धनकै दाम्लाका नामबाट चुनाउमा उत्रिए । त्यसपछि यिनीहरुमा वाकयुद्ध सुरु भयो । आआफ्ना दाम्लाका गाँठा समाएर देशदौडाहामा भोट माग्न हिँडे । रैती रिझाउनका लागि यिनीहरूले एकार्कालाई तलैसम्म ओर्लिएर पँधेरे गाली गर्न थाले ।

पहिला लोग (लोकतन्त्रे गठबन्धन)ले आमसभामा वाक्यो 'बामेहरूको सरकार आयो भने रैती मनुखेहरूले रुन पनि पाइन्न । बोल्न पनि पाइन्न । क्यै गर्न पानि पाइन्न ।' त्यसपछि बाग (बामगठबन्धन)ले जवाफ दिँदै आमसभा गरेर वाक्यो 'हाम्रो सरकारमा पनि रैतीहरूले मज्जासित रुन पाइन्छ । युवाजति विदेश जान्छन् फर्किंदा बाकसमा फर्किन्छन् । त्यसपछि त तिनका घरपरिवार जति पनि रुन पाउँछन् । बाटाघाटाहरू अहिलेको भन्दा पनि भन् बढि बिग्रँदै जान्छन्, त्यसले गाडि दुर्घटना बढ्छन् र मनुखे मर्छन् त्याहाँ पनि रुन पाइन्छ । भ्रष्टाचार, महङ्गी हाम्ले पनि बढाउँछम् त्यसको विरोध गर्दा जति बोले पनि भयो ।'

अर्को आमसभामा 'लोग'ले भन्यो 'बामेहरूले लोकतन्त्र समाप्त पार्छन् । कम्निस्ट अधिनायकवाद ल्याउँछन् ।' त्यसपछि 'बाग'ले जवाफ दियो 'होइन होइन, हामीले लोकतन्त्रे मान्छम् । अधिनायकवाद ल्याउन्म् । अधिनायकवाद त सरकार आफैं हुने हो । लोकतन्त्रेहरू र हाम्रो वर्ग एउटै हो । हाम्रो वर्गलाई अधिनायकवाद हुँदैन । अधिनायकवाद त गरिवगुरुवा, हरूवाचरुवा, भोका नाङ्गाहरूलाई हुने हो । हामी यो संविधान लेख्ने र मान्नेहरूलाई अधिनायकवाद हुँदैन । अधिनायकवाद त यो संविधान नमान्नेहरूलाई हुने हो । त्यत्रो जनयुद्ध छोडेर लोकतन्त्र मानेर आएको हुनाले बहुदल मानेको हुनाले हाम्रो बाग बनेको हो । अब हामीले क्रान्ति श्रान्ति क्यै पनि गर्दैनम् । समाजवाद त संविधानमै लेखिसक्या छ । हाम्रो समाजवाद भनेको यही त हो । लोकतन्त्रेहरू हामीसँग डराउनु पर्दैन ।'

'लोग'ले फेरि भन्यो 'बाग ले उत्तरतिर बढि सम्बन्ध बढाउँछ दक्षिणतिरको गतिविधि रोक्छ । उनीहरूलाई चिढाउँछ । यहाँ फेरि नाकाबन्दी हुन्छ ।' अनि 'बाग' ले जवाफ दियो 'हाम्रो रोटी र बेटीको सम्बन्ध दक्षिणतिरै हो । बेलाबेलामा हाम्रो सरकार बनाइदिने, नियम कानून बनाइदिने, सरकारी नोकरचाकर भर्ना गर्दा कस्लाई बनाउने भनेर सुझाव सल्लाह उतैतिरबाट आउँछ । हामीले उनीहरूलाई ठाढा राख्दैनम् । पुराना सन्धी सम्झौता जस्ताको तस्तै राख्छम् । बाँकी टाँकी नदीनाला पनि दक्षिणतिरैकालाई दिन्छम् ।' यसरी दोहारी वाकयुद्धमा लोग र बागले आमसभा गरिरहेका छन् ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निषक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# देजमोको मुठ्ठी चिन्हप्रति जनताको सहयोग र समर्थन जुटेको छ



(नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार सिमितिका अध्यक्ष, नेकपा (क्रान्तिकारी माओबादी) संबध्द देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट प्रतिनिधि सभाको लागि समानुपातिक उम्मेदबार तथा नेपाल आदिवासी जनजाति महासंघका पूर्ब महासचिव, आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तरीय कार्यदलका पूर्व संयोजक, आदिवासी जनजाति राष्ट्रिय आन्दोलन, नेपाल तथा संघीय गठबन्धन, नेपालका प्रवक्ता समेत रहनुभएका त्रिभुवन विश्वबिध्यालयका प्राध्यापक डा. ओम गुरुङसँग निर्वाचनसँग सम्बन्धित लिइएको अन्तर्वार्ता-स.)

**पार्टीले मोर्चामार्फत् निर्वाचन उपयोग गर्ने निर्णय लिएसँगै देजमोको निर्वाचन चिन्ह मुट्ठी मा भोट माग्दै जनताको घर घरमा पुग्नु भएको छ। मुट्ठी को पक्षमा कस्तो बन्दैछ चुनावी माहौल ?**

-नेकपा (क्रान्तिकारी माओबादी) को पोखरामा सम्पन्न पहिलो राष्ट्रिय भेलाले देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो), नेपाल मार्फत मंसीर १० र २१ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्बाचनमा भागलिने निर्णय गरेपछि देशका आम जनसमुदायबीच नयाँ राजनीतिक तरंग छाएको छ। चुनाव प्रचार प्रसार अभियानमा जनताको घरदैलोमा पुग्दा देजमोका नेता, कार्यकर्ता, समर्थक र शुभचिन्तक सबै बडो उत्साहित देखिन्छन् भने आम जनसमुदाय देजमोप्रति बडो उत्सुक देखिन्छन् । देजमोको मुठ्ठी चिन्हप्रति जनताको सहयोग र समर्थन जुटेको छ । अहिलेको चुनाबी माहोल पनि देजमोकै पक्षमा विकास भएको देखिन्छ । उनीहरू देजमोले चुनाव जितोस भन्ने चाहन्छन् । अहिलेसम्म ठूला भनिने राजनीतिक दलहरू सरकारमा पालैपालो बसेर जनताका न्यूनतम सेवा सुविधाहरूप्रति समेत उदासिन देखिएपछि जनताहरू देजमोप्रति आकर्षित भएका छन् र देजमोलाई विजयी गराएर देशमा परिवर्तन भएको हेर्न चाहन्छन् ।

**समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुनुहुन्छ। आदिवासी जनजाति आन्दोलनको एक अग्रणी नेता पनि हुनुहुन्छ। देशैभरिका आदिवासी जनजाति जनसमुदायको मतको के कस्तो अपेक्षा राख्नुभएको छ ?**

म नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय सल्लाहकार समितिको अध्यक्ष हुँ। तापनि मलाई सबैले आदिवासी जनजातिको पहिचान र हक अधिकारको लागि आन्दोलन गर्ने नेताकै रूपमा बढी चिन्छन् । अहिले पार्टीले मलाई देजमो, नेपालको तर्फबाट प्रतिनिधिसभाको लागि समानुपातिक उम्मेदवारको रूपमा अगाडि सारेकोले म चुनाबी अभियानको क्रममा देशको बिभिन्न भागमा पुगेर घरदैलो कार्यक्रम गरे र गर्दैछु । चुनावी अभियानको संदर्भमा मलाई नेपालका आदिवासी जनजातिहरूले आफ्नो घरदैलोमा पाउँदा उनीहरू अत्यन्तै खुसी भए । चुनावी अभियानमा म जुन जुन गाउँ क्षेत्रहरूमा पुगेँ, त्यहाँका आदिवासी जनजातिहरू सबैले आफ्नो पहिचान र अधिकारका लागि मैले चुनाव जित्नैपर्छ भन्ने मान्यता राखेको पाएँ र उनीहरू सबैले आफु र आफ्ना परिवारका सबै सदस्यहरूले मेरो मुठ्ठी चिन्हमा मतदान गरेर मलाई जिताउने प्रतिबद्धता जाहेर गरेका छन् । म नपुगेको गाउँ ठाउँहरूमा समेत म चुनावमा उठेको छु भनी थाहा पाएका जतिले मेरो मुठ्ठी चिन्हमा मतदान गर्ने प्रतिबद्धता जनाएको जानकारी मैले पाएको छु । यसबाट म अत्यन्त हर्षित र उत्साहित भएको छु ।

**संसदीय व्यवस्थाका पक्षधर ठूला भनिएका पार्टीहरुले समानुपातिक तर्फ ३ प्रतिशत र प्रत्यक्षतर्फ १ सिटको थ्रेसहोल्डको प्रावधान राखेका छन् राष्ट्रिय पार्टी बन्न। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यो मतसीमा कटाउने सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?**

कथित ठूला भनिने राजनीतिक दलहरूले साना दलहरूको राजनीतिक अस्तीत्व मेटाउन र उनीहरूको राजनीतिक सहभागिता निषेध गर्न प्रतिनिधि सभामा ३ प्रतिशत र प्रदेशसभामा कम्तिमा १ सिट जित्नै पर्ने प्रावधान राखेको छ । यो अत्यन्तै अलोककान्त्रिक पद्धति हो । यस्तो अलोकतान्त्रिक पद्धतिको घोर बिरोध गर्नु पर्दछ र हाम्रो पार्टीले त्यसको जोडदार बिरोध गरेको छ । तथापि आमुल परिवर्तनका पक्षधर नेपाली जनताले देजमो, नेपाललाई दिएको सहयोग र समर्थनको आधारमा देजमोले प्रत्यक्षतर्फ १ सिट र समानुपातिक तर्फ ३ प्रतिशत मत ल्याउन कुनै समस्या हुँदैन भन्ने बिश्वास लाग्छ ।

**अन्य पार्टीहरुभन्दा यहाँहरु अलि फरक तरिकाले निर्वाचनको प्रतिस्पर्धामा हुनुहुन्छ। अहिलेको व्यवस्था र संविधानको विरोध र भण्डाफोर चाहिं किन गर्नुभएको हो ? संक्षिप्तमा चर्चा गरिदिनुस् न।**

प्रतिक्रियावादी र प्रतिगामी शक्तिहरूले बाजागाजा र तामझामका साथ होहल्लागर्दै ठूला ठूला रंगीचंगी ब्यानर, उम्मेदबारहरूको रंगीन फोटासहितका पोस्टर तासेका गाडीका लावा लस्करसहित चुनाव प्रचार गरिरहेका छन् । धनबल र बाहुबलको अत्यधिक प्रयोग गरिरहेका छन् । सिधासाधा जनताहरूलाई विकास र बिभिन्न खालका प्रलोभन देखाएका छन् । ठूला ठूला आमसभाहरू गरिरहेका छन् । निर्वाचन आचारसंहितालाई लत्याएका छन् । तर हामीले त्यसो नगरीकन निर्वाचन आयोगले जारी गरेको आचारसंहिता अन्तर्गत रहेर शान्त, सालिन र सामान्य किसिमले जनताको बस्ति बस्ति र घर घर पुगेर, कोणसभाहरू गरेर आफ्नो चुनाबी प्रचारप्रसार गरीरहेका छौ । हामीले चुनावमा भाग लिनुको अर्थ अहिलेको प्रतिक्रियावादी संसद, राज्यसत्ता र प्रतिगामी संविधानलाई मानेर होइन । हाम्रो पार्टीले चुनावमा भाग लिनुको अर्थ संसदीय मोर्चाबाटै प्रतिक्रियावादी र प्रतिगामी तत्वहरूको जनबिरोधी र राष्ट्रघाति कुकृत्यहरूको भण्डाफोर गर्न, राष्ट्र र राष्ट्रिय स्वाधीनताको सवालहरू उठाउन, उत्पीडित जातिरजनजाति, वर्ग, लिंग र क्षेत्रहरूको अधिकार स्थापित गर्न, जनताका आधारभूत सेवा सुविधा पूरा गर्न, जनतालाई प्रतिक्रियावादी शक्तिहरूका राष्ट्रघाति र जनविरोधी क्रियाकलापबारे सचेत बनाउन र त्यसका बिरूध्द संगठितगर्दै मुलुकमा जनवादी राज्यसत्ता निर्माणको तयारी गर्न यो संसदीय चुनाबको क्रान्तिकारी उपयोग गरेका हौ । यसबाट प्रतिक्रियाबादीहरू तर्सेका पनि छन् ।

**के अहिलेको संविधान संशोधन गरेर आदिवासी जनजाति लगायतका उत्पीडित जनसमुदाय तथा श्रमजीवी वर्गको अधिकार स्थापित गर्न सकिन्न र ?**

अहिलेको संविधानले आदिवासी जनजातिहरूको पहिचान मेटाउने र अंधिकार हनन गर्ने काम गरेको छ । नेपाल सामाजिक विविधको देश हो, तर संविधानले नेपालको विविधता र बहुलतालाई मानेको छैन । राज्यसत्ता अझैपनि एकात्मक छ । जाति, भाषा, धर्म, लिंग, बर्ग र क्षेत्रको आधारमा हुने उत्पीडन र बिभेदलाई संबिधानले यथावत कायम राखेको छ । त्यसैले आदिबासी जनजाति लगायत मधेसी, दलित, महिला, आदिबासी खस, मुस्लिम समुदायका जनताहरूले यो संबिधानलाई स्वीकार गरेका छैनन् । उनीहरूको दृष्टीकोणमा यो संविधान, प्रतिगामी, प्रतिक्रियाबादी र यथास्थितिबादी भएकोले यसका बिरूध्द उनीहरूले संयुक्त रूपमा देशब्यापी आन्दोलन गर्दै आएका छन् । आदिबासी जनजाति, मधेसी, दलित, खसहरूो आन्दोलनलाई मत्थर पार्न नेपाली का'ग्रेस र नेकपा (माओबादी केन्द्र) ले संबिधान संशोधन गरेर आदिबासी जनजाति, थारू र मधेसीहरूको माग संबोधन गर्छौ भन्ने झूठ्ठा आश्वासन दिईरहेका छन् । तर उनीहरू संबिधान संशोधन गरेर आदिबासी जनजाति, मधेसी, दलित, थारू, महिला, मुस्लिम, खस लगायतका बहिष्कृत र सिमान्तकृत समुदायका जनताहरूलाई अधिकार सम्पन्न बनाउन चाहदैनन् । उनीहरूले कथम् कदाचित संबिधान संशोधन गरीहाले पनि पनि संशोधनले मात्र उनीहरूको माग पूरा गर्न सक्दैन । त्यसैले नेपालका आदिबासी जनजाति लगायत उपेक्षित उत्पीडित वर्ग समुदाय र क्षेत्र लिंगको पहिचान स्थापित गर्न र उनीहरूको हक अधिकार सुनिश्चित गर्नका लागि बर्तमान संविधान खारेजी गरेर नयाँ खालको जनगणतान्त्रिक संविधान लेखिनु पर्दछ ।

**गठबन्धनका दलहरुले आफूलाई निर्विकल्प भनेर दावी गरिरहेको अवस्थामा देशभक्त जनगणतान्तिक मोर्चा, नेपालले ५२८ जना उम्मेदवारहरुलाई चुनावी मैदानमा उतारेको छ। जनताले देजमोलाई वैकल्पिक शक्तिको रुपमा हेरेको पाउनुभयो ?**

अहिले निर्वाचनको बेलामा आएर लोकतन्त्रको सुदृढिकरण, राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको खोल देखाएर नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले बाम एकता र नेपाली कांग्रेस र राप्रपाले लोकतान्त्रिक गठबन्धन गरेर नेपाली जनतालाई भ्रम दिने प्रयास गरेका छन् । तर उनीहरूको बाम एकता र लोकतान्त्रिक गठबन्धन चुनाव जित्ने, सरकार बनाउने र देशलाई हरीकंगाल बनाउने रणनीतिमात्र हो भन्ने कुरा नेपाली जनताले बुझिसकेका छन् । त्यसैले अवसर, चुनाब, सरकार र सत्ताको लागि गरिएको बाम एकता र लोकतान्त्रिक गठबन्धनको कुनै अर्थ छैन । यस्ता एकता र गठबन्धनले नेपाली जनताको मुक्ति संभबै छैन । अहिलेको निर्बाचनको अभियानमा हामीले बाम एकता र लोकतान्त्रिक गठबन्धनको पनि चिरफार गर्दै यसबारे नेपाली जनतालाई थप सचेत र सजग बनाएका छौ र हामीले हाम्रो गौरबशाली पार्टी नेकपा (क्रान्तिकारी माओबादी) लाई नेपाली जनताबीच नेपालको वैकल्पिक राजनीतिक शक्तिको रूपमा प्रस्तुत गर्न सफल भएका छौ भने नेपाली जनताले पनि यसलाई स्वीकार गरेका छन् ।

**यतिखेर राष्ट्रियता, जनतन्त्र र जनजींविकाका मुद्दाहरु निकै नै जटिल बनेर गएका छन्। यी समस्याहरुको वास्तविक समाधान के अहिलेको व्यवस्था र संसदवादी पार्टीहरुले गर्ने देख्नुहुन्न ?**

अहिले नेपालको जनतन्त्र र जनजीबिका अस्तब्यस्त अबस्थामा छ। महंगी, कालाबजारी, घुसखोरी, भ्रष्टाचार, दण्डहीनता, हत्या हिंसा, बलत्कार आदि जस्ता जघन्य अपराधहरूबाट नेपाली जनता दिनप्रतिदिन प्रताडित बनेका छन् । देशको सामाजिक, आर्थिक, शैक्षिक, उधोग धन्दा, बन्द ब्याबसाय, वातावरण सबै क्षेत्रहरू अस्तब्यस्त छन् । देशका सबै क्षेत्रहरूमा माफियाहरूको बिगबिगी छ । बैदेशिक हस्तक्षेप दिन परदिन बढेकोले नेपालको राष्ट्र र राष्ट्रिय स्वाधिनता खतरामा परेको छ । तर देशको यस्तो हालतप्रति अहिलेको राज्यसत्ता र कथित ठूला भनिने राजनीतिक दलहरू उदासिन छन् । उनीहरूको मुख्य ध्यये भनेको देशको स्वतन्त्रता, भोगोलिक अखण्डता, र राष्ट्रिय स्वाधिनताको रक्षा गर्ने भन्दा मुलुकको हकहित बिरूद्धका राष्ट्रघाती सन्धिहरू गर्ने, विदेशी शक्तिहरूको दलाली गरेर उनीहरूको भरमा सत्तामा पुग्ने, शक्ति हत्याउने र त्यसैमा आफुहरू टिकिरहने मात्र हो । त्यसैले यस्ता जनविरोधी र राष्ट्रघाती राज्यसत्ता र राजनीतिक दलहरूबाट न जनतन्त्र र जनजीविका सुनिश्चित गराउन सकिन्छ न त नेपालको राष्ट्र र राष्ट्रिय स्वाधीनता नै जोगाउन सकिन्छ ।

**नेपालमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लैंङिगक अन्तरविरोधहरु हल गर्न फेरि पनि नयाँ जनवादी क्रान्ति गर्नुपर्ने आवश्यकता औंल्याउँदै आउनुभएको छ। र, निर्वाचन उपयोगलाई पनि क्रान्तिको तयारीसँग जोडेर व्याख्या गर्ने गरिएको छ नि ?**

अहिले नेपालका ठूला भनाउँदा बाम शक्ति र नेकपा (माओबादी केन्द्र) र केही बाम बुद्धिजीबिहरूले समेत नेपालमा जनबादी क्रान्ति पूरा भैसकेको हल्ला पिटाउने गरेका छन् । बास्तवमा यो गलत हल्ला मात्र हो । नेपालमा जनवादी क्रान्ति पूरा भएको छैन । यदि जनवादी क्रान्ति पूरा हुँदो हो त नेपालका शोषित र पीडित र उत्पीडित र उपेक्षित जाति, वर्ग, लिंग र क्षेत्रका जनताहरूको सामाजिकरसास्कृतिक, आर्थिक तथा राजनीतिक जीवनमा केही न केही परिबर्तन आउनु पर्थ्यो, तर देशमा निरंकुश राजतन्त्र ढालेर संघीय गणतन्त्र स्थापना भएको एक दशक नाघीसक्दा पनि शोषित र पीडीत जनताको जीवनस्तरमा कुनै परिवर्तन आएको छैन । त्यसैले नेपालमा विद्ययमान वर्तमान जातीय, बर्गीय, लिंगीय र क्षेत्रीय अन्तरबिरोध हल गर्न जनवादी राज्य व्यवस्था स्थापना आजको ऐतिहासिक आवश्यकता बनेको छ र त्यस्तो ब्यबस्थाको साथापना नया जनवादी क्रान्तिबाट मात्र संभब छ। निर्वाचन अभियानको दौरानमा हामीले संसदीय राज्यसत्ताका बिबिध बिकृति र बिसंगतिहरूको पनि भण्डाफोर गर्दै प्रतिक्रियावादी राज्यसत्ताको बिरूद्ध जनतालाई सचेत र संगठित गर्न निर्वाचनको क्रान्तिकारी उपयोगमा जोड दिदै आएका छौ ।

**निर्वाचन उपयोगले क्रान्तिको तयारीलाई चाहिं कसरी सहयोग पुर्‍याइरहेको छ ? संक्षिप्तमा चर्चा गरिदिनुस् न।**

अहिलेको निर्वाचनमा जनतामा खासै उत्साह र उत्सुकता पनि देखिदैन । निर्वाचनका बेला ठूला भनिने राजनीतिक दलहरूले दिने विकासे नाराहरूबाट जनताहरू वाक्क र दिक्क भएका छन् । वर्तमान संसदीय राज्यसत्ताप्रति नेपाली जनताको आस्था र विश्वास हराइसकेको छ । यो व्यवस्थाले नेपाली जनतालाई निराशा बाहेक अरू केही दिएको छैन । पहिलो चरणको निर्बाचनमा कम प्रतिशतमा मत खस्नु संसदीय ब्यबस्थाप्रति नेपाली जनताको आस्था र विश्वास हराउँदै जानुको परिणाम हो । संसदीय राज्सव्यवस्थाप्रति विकास भएको नेपाली जनताको निराशा, कुण्ठा र अविश्वासलाई निर्वाचन अभियानको अवसरमा हामीले धेरै हदसम्म क्रान्तिकारी जोश र शक्तिमा रूपान्तरण गर्न सफल भएका छौ । अतस् अहिलेको निर्बाचनबाट हाम्रो सहभागिताले जनताबीच हाम्रो पार्टीको पहिचान स्थापित गराउन, हामीले उठाएका जनजीबिका, जनतन्त्र, राष्ट्र र राष्ट्रिय स्वाधीनता, आदिवासी जनजातिका पहिचान र हक अधिकारका सवालहरू जनताबीच पुर्‍याउन, पार्टीको संगठन निर्माण र बिस्तार गर्न तथा अन्ततः जनवादी क्रान्ति तयारी गर्न ठूलो मद्दत पुगेको छ ।

**अन्तमा, उत्पीडित जनसमुदाय तथा श्रमजीवि वर्ग समुदायमा के अपील गर्न चाहनहुन्छ ?**

अहिले देशको राजनीति र राज्यसत्ता प्रतिक्रियावादी र प्रतिगामी शक्तिहरूको नियन्त्रणमा भएकोले नेपालका आदिबासी जनजातिहरूको पहिचान गुमेको छ, उत्पीडित र उपेक्षित र शोषित पीडित जनताहरूको स्तन्त्रता र अधिकार कुण्ठित भएको छ । देशको सार्बभौमिकता र राष्ट्रिय स्वाधिनता खतरामा परेको छ । जातीय, बर्गीय, भाषिक, धार्मिक, लैगिक र क्षेत्रीय बिभेद यथावत कायम छ । देशको मूल राजनीति, श्रोत, शक्ति र राज्यसत्तामा उत्पीडित जातिरजनजाति, बर्ग, लिंग र क्षेत्रका जनताहरूको पहुच र प्रतिनिधित्व छैन । गरीब किसान मजदुर र श्रमजीवि वर्गहरू राज्यको सेवा सुबिधाहरूबाट बंचितिकरणमा परेका छन् । यी सबै बिभेद र उत्पीडनको अन्त्य गरी नेपाली जनतालाई श्रोत शक्ति र अधिकार सम्पन्न गराई स्वाभिमान, स्वाधीन र सार्बभौम सम्पन्न नागरिकको रूपमा बाच्न पाउने राजनीतिक ब्यबस्था र समतामूलक समाजको निर्माण गर्न प्रतिक्रियाबादी, प्रतिगामी, जनबिरोधी र राष्ट्रघाती राजनातिक दलहरूलाई पराष्ट गरौ । उनीहरूले देखाएको भुलभलैया र लोभ लालचमा कोही नलागौ । निर्बाचनका बेला उनीहरूबाट पटक पटक ठगिएका छौ । उनीहरू यसपाली पनि बिकासको झूठा पोकोहरू लिएर जनतालाई ठग्न आईरहेका छन् । त्यसबाट सबै होसियार होऔ । अहिलेको निर्बाचन उनीहरूलाई पराष्ट गर्ने सुनौलो अवसर हो । यो अवसर गुम्न नदिउँ ।

त्यसैले, अन्तमा नेपालका आदिबाली जनजाति, मधेसी, दलित, खस र मुस्लीमहरूको पहिचान र अधिकारको लागि अलिकति पनि बिचलित नभैकन आजीवन संघर्ष गर्दै आईरहेको तथा नेपालका गरीब, किसान, मजदुर तथा श्रमजीबि बर्गहरूको स्वतन्त्रता र हकहीतको लागि प्रतिबद्ध र सदा समर्पित म र म जस्ता देजमो, नेपालका क्रान्तिकारी उम्मेदबारहरूलाई मुठ्ठी चिन्हमा तपाईहरूको अमूल्य मत प्रदान गरेर बिजयी बनाउनुस् भनी म यसै पत्रिकामार्फत् आम नेपाली न्यायप्रेमी जनसमुदायहरूलाई हार्दिक अपिल गर्दछु ।

# काठमाडौं उपत्यकामा देजमोको चुनावी अभियान तीव्र

**रनसुर महतरा/काठमाडौं।**

काठमाडौं उपत्यकाभित्र क्रान्तिकारी थलोको रुपमा चिरपरिचित कीर्तिपुर अर्थात् काठमाडौं-१० मा देजमोले प्रचार प्रसारलाई तीव्र पारेको छ। पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौं जिल्ला इन्चार्जसमेत रहेका युवा नेता सुरेश श्रेष्ठले उम्मेदवारी दिएको यस क्षेत्रमा घरदैलौ, जनभेटघाट, कोणसभादेखि ठूला सभासम्म सम्पन्न भएका छन् । दुवै गठबन्धनलाई कडा टक्कर दिने आँकलन गरिएको यस क्षेत्रमा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'को उपस्थितिमा



सतुङ्गल, कीर्तिपुरको पाँगामा चुनावी सभाहरु भएका छन् । यस निर्वाचन क्षेत्रमा प्रदेशसभातर्फ क) मा रत्नबहादुर महर्जन र ख) मा सुरेश तामाङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

थानकोट, पाँगा, नयाँ बजार र सतुङलमा कोणसभा र चियापान कार्याक्रमहरु गरिएका छन् भने घरदैलो, पर्चा, पम्प्लेटिङ, जनभेटघाट तथा भण्डाफोर लगायतका चुनावी कार्यक्रमहरु भइरहेको उम्मेदावर श्रेष्ठले जानकारी दिनुभएको छ।

त्यसैगरी ९ नं. निर्वाचन क्षेत्रको २१ नं. वडामा कोणसभा गरिएको छ भने घरदैलो, जनभेटघाटलगायत भण्डाफोरका कार्यक्रमहरुलाई तीव्र रुपमा अगाडि बढाइएको छ भने नैकापलगायतका सबै वडाहरुका चुनावी प्रचार प्रसारको काम भइरहेको प्रदेशसभा सदस्यका उम्मेदवार प्रविण देउलाले बताउनुभयो । यस निर्वाचन क्षेत्रमा मोर्चाको तर्फबाट प्रतिनिधिसभामा शान्ता पण्डित, प्रदेशसभातर्फ क) मा प्रवीण देउला र ख) मा विष्णु कार्की उम्मेदवार हुनुहुन्छ।

यता ८ नं. निर्वाचन क्षेत्रमा पनि उम्मेदवारहरु मुठ्ठी चिन्हमा भोट माग्दै मतदाताहरुको घर घरमा पुगेका छन् । प्रदेशसभा सदस्य नमस्ते सायमीका अनुसार भण्डाफोर अभियानलाई पनि सँगसँगै अगाडि बढाइएको छ। किरण शाही प्रतिनिधिसभामा र नमस्ते सायमी क) मा र ख) मा केशव प्रसाद गौतम यस निर्वाचन क्षेत्रमा उम्मेदवार हुनुहुन्छ।

यसैगरी ७ नं. निर्वाचन क्षेत्रमा तारकेश्वर नगरपालिकाको १, २, ३, ४, ५ मा घरदैलो कार्यक्रम गरिएको छ भने माछापोखरीलगायतका क्षेत्रमा कोणसभा सम्पन्न गरिएको प्रदेशसभाकी उम्मेदवार शिलु न्यौपानेले जानकारी दिनुभयो। यस निर्वाचन क्षेत्रमा प्रतिनिधिसभामा बन्धुदेव पाण्डे, प्रदेशसभामा क) मा सान्जे गुरुङ र ख) मा शिलु न्यौपाने मोर्चाको तर्फबाट चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

यता ६ नं. निर्वाचन क्षेत्रमा पनि घरदैलो, जनभेटघाट, अन्तर्क्रिया, छलफल, पर्चा वितरण तथा मोर्चाको नीति अनुसार भण्डाफोरका कार्यक्रमहरु भएको प्रनिधिसभा सदस्यका उम्मेदवार खगेन्द्र छन्त्यालले बताउनु भयो। यस निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा तर्फ खगेन्द्र छन्त्याल चुनावी मैदानमा हुनुहुन्छ भने प्रदेशसभातर्फ क) मा भागवत नरसिंह प्रधान चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

उता निर्वाचन क्षेत्र नं ५ मा मोर्चाको



तर्फबाट चुनावी प्रचारमा घरदैलो अभियान,पर्चा वितरण र कोणसभाहरु सम्पन्न भएका छन् । ९ मंसिरमा टोखामा बृहत कोणसभा सम्पन्न भएको छ । कोणसभामा मोर्चाका यस निर्वाचन क्षेत्रका प्रतिनिधिसभा सदस्य उम्मेदवार भरत बुर्जाले अपवित्र गठबन्धन र सिण्डिकेट पार्टीहरुका भण्डाफोर गर्दै जनगणतान्त्रिक संविधानको पक्षमा नयाँ जनवादी क्रान्तिको तयारीको लागि निर्वाचन उपयोग गरेको बताउनुभयो ।



बसुन्धरा, गोल्फुटार, बुढानिलकण्ठ, लाजिम्पाट, धुम्बराही, सुकेधारा, हाँडीगाऊँ, टुडालदेवी, चण्डोल लगायत २० विभिन्न स्थानमा कोणसभा सम्पन्न भएका छन् ।

घरदैलो अभियानमा पार्टीका तर्फबाट बयोबृद्ध केन्द्रीय सल्लाहकार शालिकराम भण्डारी, प्रतिनिधिसभा सदस्य उम्मेदवार भरत बुर्जामगर, पार्टीका तर्फबाट केशर प्रधान, आशा काजी महर्जन, गोपाल कार्की, प्रदेश सभा २ का उम्मेदवार सदस्य रामशरण गिरी, प्रदेश सभा १ का उम्मेदवार ज्ञानेन्द्र प्रजापति, प्रदेशसभा समानुपातिक उम्मेदवार सदस्यहरु सुमित्रा न्यौपाने, रुपा अधिकारी रिजाल तथा बद्रीहरि नेपाल सहितको टीमले चुनावी प्रचार प्रसारमा भाग लिएको थियो ।

त्यसैगरी ३ नं. निर्वाचन क्षेत्रमा घरदैलो, पर्चा, पम्प्लेटिङ, कोणसभा लगायतका कार्यक्रमहरु भइरहेका छन् । गोकर्णेश्वर, कागेश्वरी मनोहरालगायतका नगरन्तर्गतका वडाहरुमा घरदैलो कार्यक्रम सम्पन्न भएका छन् भने १८ मंसिरमा जोरपाटी चोकमा कोणसभा गर्ने कार्यक्रम रहेको ३ नं. निर्वाचन क्षेत्रकी प्रतिनिधिसभाकी उम्मेदवार ज्ञानु खतिवडाले जानकारी दिनुभयो । यस निर्वाचन क्षेत्रमा प्रदेशसभा तर्फ क) मा शेखरनाथ आचार्य



र ख) मा गोविन्दप्रसाद गौतम उम्मेदवार हुनुहुन्छ।

यता २ नं. निर्वाचन क्षेत्रमा मूलपानी, गौशला, कोटेश्वर, नाङलेभारे हुँदै गोठाटार, साँखुलगायत सबै वडाहरुमा कोणसभा र घरदैलो कार्यक्रम सम्पन्न भएका छन् । निर्वाचन परिचालन समितिका संयोजक इश्वर तिमिल्सिनाले जनाए अनुसार यो निर्वाचन क्षेत्रमा देजमोका धनबहादुर पन्तले पूर्वप्रधानमन्त्री माधव नेपाललाई चुनौती दिइरहेका छन् ।

त्यसैगरी निकै चर्चामा रहेको १ नं. निर्वाचन क्षेत्रमा मोर्चाले सुकुम्बासी बस्ती हुँदै मिलनचोक, मैतीदेवी, नयाँ बानेश्वरचोक, त्रिपुरेश्वर चोक, भोटबहालचोक, शंखमूल चोकलगायत दर्जनौ ठाउँमा कोणसभा र घरदैलो कार्यक्रम सम्पन्न गरिएको छ। उम्मेदवारहरु, कार्यकर्ता र शुभचिन्तक गरी ६० जनाको संख्यामा रहेको टोलीले चुनावी प्रचार प्रसारमा भाग लिइरहेको छ । यस निर्वाचन क्षेत्रमा विवेशील साझा पार्टीका रविन्द्र मिश्र र कांग्रेसका प्रकाशमानसिंह सँग देजमोका कृष्णभक्त मानन्धर चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यस निर्वाचन क्षेत्रमा प्रदेशसभातर्फ क) मा अजय बज्राचार्य र ख)मा लेखबहादुर श्रेष्ठ चुनावी मैदानमा हुनुहुन्छ ।

यता ललितपुर र भक्तपुरमा पनि घरदैलो, कोणसभालगायतका कार्यक्रमहरु तीव्र रुपमा भइरहेको छ । ललितपुर-१ मा प्रतिनिधिसभा तर्फ श्याम केसी र प्रदेशसभातर्फ क) मा रोमेश श्रेष्ठ र ख) मा जगदीश्वर महर्जन चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने भक्तपुर-१ मा प्रतिनिधिसभा तर्फ कृष्णप्रसाद घेमसु र प्रदेशसभातर्फ ख) मा राजु लोहला र २ नं. निर्वाचन क्षेत्रको ख) मा राजिव बोहरा चुनावी मैदानमा हुनुहुन्छ ।

गठबन्धनका उम्मेदवारहरुले करोडौं खर्चेर चुनावमा तडकभडक गरिरहँदा देजमोका उम्मेदवारहरुले चरम आर्थिक अभावका बीच चुनावी प्रचार प्रसार र भण्डाफोर अभियानलाई तीव्रता दिइरहेका छन् । प्रतिक्रियावादी संसदीय व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्दै जनसम्बन्ध सुदृढ पार्ने र नयाँ जनवादी क्रान्तिको तयारीको लागि आधार निर्माण गर्ने उद्देश्य राखेर देजमोले निर्वाचन उपयोगको नीति लिएनुसार मोर्चाका उम्मेदवारहरु अहिले चुनावी प्रतिपस्पर्धामा उत्रिनु भएको छ ।

## यो संसदीय ...

सम्बोधन गर्दै महासचिव किरणले दशवर्षे महान जनयुद्धपछि पनि मुलुकमा कुनै परिवर्तन नआएको र राज्यसत्तामा पुरानै शक्ति रहेको बताउनु भएको छ । प्रचण्ड र बाबुरामहरुले क्रान्ति सम्पन्न भइसकेको तर्क गर्ने गरेको तर्फ इङ्गित गर्दै महासचिव किरणले "महान जनयुद्ध संसदीय व्यवस्थाको पुनर्स्थापनाका लागि गरिएको थिएन, झण्डै १४ हजार पार्टीका नेता कार्यकर्ता र जनताको रगत संसदीय व्यवस्थाको ठाउँमा संसदीय व्यवस्था ल्याउन बगेको होइन, थिएन। भन्नुभयो, "क्रान्ति भनेको पुरानो प्रतिक्रियावादी शासकहरुको हातमा रहेको शासन सर्वहारा, मजदुर किसानदेखि राष्ट्रिय पुँजीपतिवर्गसम्मको जनताको हातमा पुग्नु हो । खोइ जनताको हातमा छ शासन ? आज मन्त्रीपरिषद्मा को छ ? तिनै कांग्रेस, एमालेहरु छन् । उनीहरु हिजो जनयुद्धमाथि दमन गर्ने शक्ति होइनन् ? तिनीहरु पुराना शक्ति होइनन् ? अनि कहाँ भयो क्रान्ति ? कहाँ भयो परिवर्तन ? के भयो परिवर्तन ? परिवर्तन विल्कूल भएको छैन । यो संसदीय व्यवस्थाका विरुद्ध नयाँ ढंगले क्रान्तिको प्रक्रिया अगाडि बढाउनु पर्छ । संसदीय व्यवस्था ढल्छ, ढाल्नुपर्छ ।

महासचिव किरणले प्रचण्ड बाबुरामले क्रान्तिप्रति विश्वासघात गरेका कारण क्रान्तिले गम्भीर धक्का खान पुगेको चर्चा गर्दै परिवर्तनको प्रक्रियालाई बीचैमा अबरुद्ध पारेर उनीहरुले जनयुद्धमा बगेको रगतमाथि होली खेलेको टिप्पणी गर्नुभयो । राणा शासनका विरुद्ध बन्दुक उठाउँदा कांग्रेस, पञ्चायती व्यवस्थाका विरुद्ध झापा विद्रोह गर्दाताकाको एमाले र जनयुद्ध सुरुगर्दाताकाको माओवादी संख्यात्मक रुपले सानो पार्टी रहेको चर्चा गर्दै महासचिव किरणले अहिले हामी पनि संख्यात्मक हिसाबले सानो भएपनि क्रान्तिको प्रक्रियामा ठूलो हुँदै जाने र संसदीय व्यवस्थालाई अवश्य ढालिछाड्ने दावी गर्नुभयो । र, भन्नुभयो, "अहिले जस्तै ०४७ सालमा पनि हामीले यसरी नै भाषण गर्दा मान्छेहरुले पत्याउँदैन थे । दशवर्षे जनयुद्ध त भयो नि त । धोका र गद्दारी भयो । त्यो कुरा छोड्नस् । अहिले सत्ता र पैसाको दुरुपयोग गरेर जनतामा गठबन्धनका दलहरुले आतंक खडा गरेको चर्चा गर्दै महासचिव किरणले गठबन्धन लोकतान्त्रिक र वाम भनेपनि वाम र लोकतान्त्रिकको नाममा भ्रम मात्रै छरेको बताउनु भयो र भन्नुभयो, "यी दुवै गठबन्धन न लोकतान्त्रिक हुन्, न वाम, दुवै प्रतिक्रियावादी गठबन्धन हुन् । जनता भ्रममा पर्नुहुन्न ।" दुवै कार्यक्रममा देजमोका उम्मेदवारहरु, क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरु र स्थानीय जनताको बाक्लो उपस्थिति रहेको थियो ।

**'गठबन्धनवाला दलहरुले सत्ता र पैसाको आतंक खडा गरेका छन्'**

यसैबीच, महासचिव 'किरण'ले वाम र लोकतान्त्रिक गठबन्धनका दलहरुले सत्ता र पैसाको आतंक खडा गरेको टिप्पणी गर्नुभएको छ । क्रान्तिकारी माओवादी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट काठमाडौं-१० मा प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएका क्रान्तिकारी माओवादीका युवा नेता सुरेश श्रेष्ठले आयोजना गरेको चुनावी भेटघाट तथा अन्तर्क्रियामा महासचिव किरणले यस्तो टिप्पणी गर्नुभएको हो ।

कीर्तिपुर पाँगाको पाँगा पार्टी भेन्यूमा बुधबार विहान स्थानीय जनतासँग गरिएको उक्त अन्तर्क्रियालाई सम्बोधन गर्दै महासचिव किरणले प्रतिक्रियावादी व्यवस्थाको चुनावलाई मार्क्सवादीहरुले बहिस्कार र उपयोग दुवै गर्ने गरेको प्रसंग उल्लेख गर्दै आफ्नो पार्टीले देजमो मार्फत् निर्वाचनको क्रान्तिकारी उपयोग गरेको बताउनु भयो । उहाँले वाम र लोकतान्त्रिक गठबन्धन नाम मात्रका भएको चर्चा गर्दै दुवै गठबन्धन प्रतिक्रियावादी व्यवस्थाका पक्षधर भएको प्रष्ट पार्नु भयो । प्रधानमन्त्री समेत रहेका शेरबहादुर देउवाले वाम गठबन्धनतर्फ इङ्गित गर्दै उनीहरुले जिते देशमा अधिनायकवादी शासन आउने भनेर हल्ला गर्नुको कुनै अर्थ नरहेको चर्चा गर्नुभयो । मुलुकमा नयाँ जनवादी व्यवस्थाको स्थापना नभएसम्म मुलुकमा श्रमजीवी जनताको वास्तविक मुक्ति र स्वतन्त्रता सम्भव नहुने भन्दै उहाँले आफ्नो पार्टी नयाँ जनवादी क्रान्तिको तयारीमा लागेको दावी गर्नुभयो । अहिले हाम्रो पार्टी सानो भएपनि क्रान्तिको प्रक्रिया अगाडि बढाउै लगेपछि क्रान्तिकारीहरु ध्रुवीकृत हुँदै जाने र पार्टी फेरि विशाल बनेर जाने पनि उहाँले दावी गर्नुभयो ।

कार्यक्रममा बोल्दै काठमाडौं-१० का प्रतिनिधिसभाका उम्मेदवार सुरेश श्रेष्ठले कीर्तिपुर क्रान्तिकारी इतिहासको गर्विलो विरासत बोकेको थलो भएको चर्चा गर्दै दशवर्षे जनयुद्धमा उपत्यकाभित्र कीर्तिपुरले आधारभूमिको भूमिका खेलेको प्रसंग कोट्याए र भन्नुभयो, "त्यही दशवर्षे जनयुद्धको र विगतका सबै क्रान्तिकारी आन्दोलनको इतिहासको रक्षा र सम्मान मात्रै होइन, आमूल परिवर्तनको अबरुद्ध प्रक्रियालाई अगाडि बढाउनका निम्ति पनि मैले उम्मेदवारी दिएको हुँ । मलाई विश्वास छ कीर्तिपुर र यो १० नं. निर्वाचन क्षेत्रका सबै जनताले मुठ्ठी चिन्हमा मतदान गरेर आफ्नै इतिहासप्रति सम्मान व्यक्त गर्नुहुनेछ । क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन'आकाश'ले सञ्चालन गरेको कार्यक्रममा समानुपातिक तर्फ प्रतिनिधिसभाका उम्मेदवार सूर्यबहादुर नकर्मीले कीर्तिपुरका जनताले टुरिष्ट उम्मेदवारलाई होइन आफ्नै भूमिमा जन्मि हुर्केको एउटा उदयीमान प्रभावशाली युवालाई मतदान गरेर आफैप्रति न्याय गर्नेछन् र वाम र लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई बहिस्कार गर्नेछन् भन्नुभयो । काठमाडौं-१० क) का उम्मेदवार रमेश महर्जनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा क्रान्तिकारी माओवादीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीस, देजमोका कार्यालय सदस्य तथा ३ नं. प्रदेशका संयोजक, अखिल नेपाल जनसाँस्कृतिक महासंघका केन्द्रीय अध्यक्ष इश्वरचन्द्र ज्ञवाली लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

**'सहिद र वेपत्ता योद्धाहरुको सपना पूरा गर्न क्रान्ति आवश्यक'**

यसैबीच, महासचिव किरणले सहिद तथा वेपत्ता योद्धाहरुको सपाना क्रान्तिबाट मात्र साकार हुने कुरा बताउनुभएको छ । दशवर्षे जनयुद्धको प्रक्रियामा ०६० साल मंसिर १४ गते राज्यद्वारा वेपत्ता पारिएकी योद्धा रेणु दुलालको १४ औं स्मृति कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले यस्तो बताउनु भएको हो । ।"वेपत्ता रेणु दुलाल स्मरण कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव किरणले दशवर्षे जनयुद्ध जुन उद्देश्य राखेर गरिएको थियो, त्यो अझै पूरा नभएको भन्दै दशवर्षे जनयुद्धमा बलिदान गर्ने महान सहिदहरु, वेपत्ता योद्धाहरु र घाइतेयोद्धाहरुको सपना साकार पार्न फेरि पनि नयाँ जनवादी क्रान्ति गर्नुपर्ने कुरा बताउनु भयो ।



विगतमा जनयुद्धको नेतृत्व गरेका नेताहरु प्रचण्ड र वावुराम पटक पटक देशको प्रधानमन्त्री हुँदा, थुप्रै नेताहरु मन्त्री हुँदा र वेपत्ता छानविन आयोग बनाउँदा पनि वेपत्ता योद्धाहरुको स्थिति सार्वजनिक नहुनु विडम्बना भएको चर्चा गर्दै महासचिव किरणले प्रचण्ड बाबुरामहरुले वर्ग्किता बदलेर प्रतिक्रियावादी कित्तामा गएकाले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु एकजुट भएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनुपर्ने आवश्यकता औल्याउनुभयो ।

नयाँ जनवादी क्रान्तिको प्रक्रियामा अगाडि बढेर मात्र सहिद र वेपत्ता योद्धाहरुको वास्तविक सम्मान हुने बताउँदै महासचिव किरणले आफ्नो पार्टी नयाँ जनवादी क्रान्तिको तयारीमा अगाडि बढेको पनि उक्त कार्यक्रममा बताउनु भयो । वेपत्ता परिवार समाजले चन्द्रागिरी नगरपालिका तिनथानाको मुनाल क्लवमा आयोजना गरिएको उक्त कार्यक्रममा सहिद तथा वेपत्ता परिवार समाजका संयोजक दिनेश शर्मा' सागर', वेपत्ता परिवार समाजका अध्यक्ष एकराज भण्डारी, साहित्यकार डा. ऋषिराज बराल, एमालेका स्थानीय प्रतिनिधि तथा वडा अध्यक्ष उत्तम राउत, माओवादी केन्द्रका विनोद न्यौपाने, कांग्रेसका रामपवितम ठाकुर र देजमोका तिनथाना संयोजक गणेश खनाल लगायतले बोल्दै वेपत्ता योद्धाहरुको सपना साकार पार्न आमूल परिवर्तनको आन्दोलनलाई घनिभूत पार्नुपर्ने बताउनु भएको थियो ।

वेपत्ता योद्धा दुलालका बुवा चन्द्र दुलालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पूर्व कार्यालय सदस्य रामसिंह श्रीस, सल्लाहकार सचिव दीर्घराज पाण्डेलगायतका नेताहरुको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन वामपन्थी बुद्धिजीवी रामप्रसाद पौडेलले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा क्रान्तिकारी माओवादीका स्थानीय नेता रामकुमार कार्कीले वेपत्ता योद्धाहरुको स्मृति झल्कने केही संरचना निर्माणका लागि पहल गर्न स्थानीय जनप्रतिनिधिको ध्यानाकर्षण गराउनु भएको थियो ।



# रुसी यात्राको ऐतिहासिक महत्व

● हस्त बहादुर के.सी ●

रुस विश्व सर्वहारावर्गका महान् नेता लेनिनको नेतृत्वमा महान् अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गरेर विश्वलाई नयाँ युगमा प्रवेश गराएको देश हो । रुस मजदूर वर्गले आफ्नै ताकतले सत्ताकब्जा गरेर सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने विश्वमा पहिलो देश हो । रुस लेनिन-स्टालिनले निर्माण गरेको र विश्वक्रान्तिको उद्घोषको गौरवगाथाले भरपूर्ण देश हो । रुसी अक्टुबर समाजवादी क्रान्ति वस्तुत पुँजीवाद माथि मार्क्सवादको विजयको परिणाम थियो । यो क्रान्ति पुँजीवादलाई पराजित गरेर विश्वभरिका सर्वहारावर्ग र आम उत्पीडित वर्गलाई मुक्तिको बाटो देखाउने एउटा मशाल थियो । यो एउटा नयाँ युगको महान् सुरुवात पनि थियो । अक्टुबर क्रान्तिले मार्क्सवादका सच्चाइलाई पुष्टि मात्र गरेका यसले मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादमा विकसित पनि तुल्यायो । अतः लेनिनवाद साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युगको मार्क्सवादको रुपमा विकसित पनि भयो । यद्यपी आज त्यहाँ समाजवाद छैन, प्रतिक्रान्ति पश्चात रुसमा प्रतिक्रान्तिकारीहरुले पुँजीवाद व्यवस्था चलाइरहेका छन् । तर महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको गौरवशाली इतिहास भने आज पनि ताजै छ र विश्वभरका मुक्तिकामी जनताको लागि प्रेरणाको श्रोत बनेर बसेको छ रुस । मैले १३ दिने रुसको यात्रा गरे । मेरो राजनीतिक जीवनमा रुसी यात्रा अत्यन्तै महत्वपूर्ण र ठूलो प्रेरणाको श्रोत बन्यो । यो यात्रा ज्यादै सुन्दर, सभ्य, भव्य र सफल रह्यो । हामी संसार बदल्ने आँट र योजना तथा प्रतिबद्धताका साथ कम्युनिष्ट पार्टीमा संगठित भएर जीवन समर्पण गरिरहेकाहरुको निम्ति मेरो रुसी यात्रा अत्यन्तै अनुकरणीय र अविस्मरणीय बन्न पुग्यो ।

रुस जस्तो देश, जुन देशमा विश्व सर्वहारावर्गका महान् नेता भ्लादिमिर इल्यिचको नेतृत्वमा रुसी कम्युनिष्ट पार्टी (बोल्सेविक) ले सशस्त्र जनविद्रोहद्वारा सत्ता कब्जा गरेर मानवजातिको इतिहासमा पहिलो पटक सर्वहारावर्गको अधिनायकत्व स्थापना गरिएको देश हो । रुस विश्व सर्वहारावर्गका महान नेता भी.आइ. लेनिन र जोसेफ स्टालिनले निर्माण गरेको देश रुसको जानकारी राख्ने सबैलाई त्यस देशमा पुगेर त्यहाँका समग्र विषयमा बुझ्न र जान्न सबैलाई मन लाग्नु स्वाभाविक कुरा हो । मैले पनि सानै उमेरमा नेपालको कम्युनिष्ट पार्टीमा संगठित भएर देश र जनताको परिवर्तन गर्ने महान् कार्यमा सम्पूर्ण जीवनलाई जब समर्पण गरे त्यसबेला देखि नै तत्कालिन सोभियत संघ लगायत विश्व कम्युनिष्ट आन्दोलनको इतिहासको अध्ययन गर्ने, पेरिस, कम्युन, महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको इतिहास, महान् चीनीया नयाँ जनवादी क्रान्तिको इतिहास, भियतनाम, कोरिया लगायतका देशहरुका वीरता मुक्ति आन्दोलनका इतिहासहरु मेरो क्षमताले भ्याएसम्म अध्ययन गर्ने, बुझ्ने र ती देशका क्रान्ति, परिवर्तन र वीरताका गाथाहरुबाट पाठ सिक्ने कोसिस गरिन्थ्यो र रुस, चीन, भियतनाम, कोरिया गरिएका क्रान्ति नेपालमा गर्नु पर्छ भनेर घर, परिवार, नीजी सम्पत्ति र सम्पूर्ण व्यक्तिगत स्वार्थ र चाहनाहरुलाई त्यागेर अत्यन्तै खुसी र प्रतिबद्ध भएर नेपाली क्रान्तिका समर्पित हुने पर्ने प्रेरणाहरु मिल्ने गर्थ्यो ।

महान् अक्टुबर समाजवादी क्रान्तिको गौरवपूर्ण गाथाहरुले भरिएको रुसमा पुग्ने र सबै विषयमा अध्ययन गर्ने र बुझ्ने चाहना त पहिलेदेखि नै थियो नै । तर कहिले पुगिन्छ भन्ने केही ठेगाना थिएन । तर महान् रुसी अक्टुबर क्रान्तिले १०० वर्ष पुरा गरेकै दिन यही वर्ष अर्थात् सन् २०१० नोभेम्बर ७ (रुसी पात्रोअनुसार) (वि.सं. २०७४ कार्तिक २१) गतेका दिन भौतिक रुपमै लेनिनले आमजन विद्रोहको पहिलो उद्घोष गरेको र लाखौ रुसी मजदुरहरुले सत्ता कब्जा गरेको विश्व क्रान्तिकै निम्ति ऐतिहासिक शहर लेनिनग्रादमा पुग्ने मिल्यो । यो नै मेरो जीवनको लागि गौरवको विषय बन्न पुग्यो ।

वर्तमान रुसमा क्रियाशील क्रान्तिकारी धारका कम्युनिष्ट पार्टी र समुहहरुले महान् अक्टुबर क्रान्तिले १०० वर्ष पुरा गरेको उपलक्ष्यमा रुसको ऐतिहासिक शहर लेनिन ग्रादमा २०१७ नोभेम्बर ७ को दिनलाई केन्द्रबिन्दुमा राखेर महान् अक्टुबर क्रान्ति सतवार्षिकी दिवस धुमधामका साथ मनाउनका निम्ति विश्वभरका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरु, संघ संस्था, भाईचारा पार्टीहरुलाई र व्यक्तिहरुलाई समेत त्यस उत्सवमा आमन्त्रण गर्ने निर्णय गरेका थिए । मलाई पनि रसियन कम्युनिष्ट पार्टी (मार्क्सवादी, लेनिनवादी) ले निमन्त्रणा गऱ्यो र हाम्रो गौरवशाली पार्टी नेकपा (क्रान्तिकारी) का महासचिव कमरेड मोहन वैद्य किरणले रुसी यात्राको सफलताको शुभकामना सहित मलाई बिदाई गर्नु भयो ।

म सहित लेखक/पत्रकारहरको हाम्रो १५ जनाको नेपाली टोली थियो । सन् २०१७ अक्टुबर ३१ तारिख (२०७४ कार्तिक १४) गते फ्लाई दुबैँ थि ग्मदबष ब्च्चष्लिभ को उडानबाट काठमाडौं देखि रुसको राजधानी मास्कोको लागि रातको १० :४५ उड्यौं । दुवैको ट्रान्जिट फटाएर स्थानीय समयानुसार २०१७ नोभेम्बर ७ का दिन २ :४० मा रुसको राजधानी मास्को स्थित Vnukovo अन्तराष्ट्रिय विमान स्थलमा उत्रियौं । रुसी अध्यागमन विभागले हाम्रो चेकजाँच सकेपछि हामीहरु विमानस्थलबाट बाहिरिने क्रममा हामीलाई स्वागत गर्न र लिनका निम्ति रसियन कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)का नेता र महान् अक्टुबर क्रान्ति सतवार्षिकी उत्सव मूल समारोहका महासचिव कमरेड Dmitry Kontesko को नेतृत्वमा टोलीले झण्डा देखाउदै हामीलाई पर्खिरहेको रहेछ । हामी पुग्यौं, गरमागर्मी स्वागत गरियो र हामीलाई आधा भूभाग बसबाट र बाँकी मेट्रो रेलबाट यात्रा गराएर हामीलाई बस्न खानको निम्ति बन्दबस्त गरिएको होटेलमा पुऱ्याइयो ।

२०१७, १ नोभेम्बर देखि ५ नोभेम्बरको राती १० बजेसम्म हाम्रो टोली राजधानी भएको बस्ने र त्यहाँको समग्र अध्ययन अवलोकन गर्ने, गराउने कार्यक्रम बनेको रहेछ र १० नोभेम्बरको राती रेल्वे यात्राबाट लेनिनग्रादतिर प्रस्थान गर्ने र ६ नोभेम्बर देखि १० नोभेम्बरको रातको १ बजेसम्म लेनिनग्रादमा विविध कार्यक्रमहरुमा सहभागी भएर त्यसपछि नेपाल फर्किने टाइमटेबुल बनेको रहेछ । आयोजक संस्थाले हामीलाई जानकारी गरायो ।

२०१७ नोभेम्बर २ तारिखका दिन हाम्रो



टोली र युरोपीयन टोली पनि आइपुगेको थियो : दुवै टोलीलाई मिलाएर एउटै टोलीको रुपमा कमरेड mष्तचथ प्यलतभकपय को नेतृत्व र अगुवाइमा अंग्रेजी भाषाका Good Guider हरुका साथ मेट्रो रेल्वेको यात्रा भएर हामी बसेको ठाउँ अलि टाढै थियो मस्कोको रेडस्क्वायरतिर लागियो । बिहान ९ बजेतिर मास्को केन्द्र भागमा रहेको ऐतिहासिक रेड स्क्वायरमा पुऱ्याइयो । रेड स्क्वायरको केन्द्र भागमा साम्यवादका प्रवर्तक कार्ल मार्क्सको भयंकर अग्लो र ठूलो कदको प्रतिमा रहेछ । हामीले मार्क्सप्रति सलामी दिएर फोटो सेसन पनि चलायौं । कतै लेनिनको प्रतिमा पनि छ कि भनेर यता उति हेरियो । कतै देख्न सकिएन । तर पछि देखियो प्रतिक्रान्तिकारी बोरिस एल्तसिनको सरकारले रेडस्क्वायरमा राखिएको लेनिनका प्रतिमा भत्काएर फाली सकेको रहेछ । त्यसपछि हामीलाई रेड स्क्वायरको पश्चिमपट्टी रहेको लेनिन मेमोरियल हलतिर जानलाई अगाडि बढाइयो । ठूलो संख्यामा मानिसहरु लाइनमा थिए । हामीहरु पनि त्यहीँ लाइनमा सामेल भयौं र क्रमशः अगाडि बढ्दै जाने क्रममा हाम्रो टोली पनि लेनिन मेमोरियल हल भित्र प्रवेश गऱ्यो । कडा सुरक्षाको चेक जाँच पछि हामीलाई महान् लेनिनको पार्थिव शरीर (शव) राखिएको हलमा पुग्नका लागि अनुमति दिइयो र गाइडहरुको सहयोगमा लेनिनको सव राखिएको हलमा पुग्यौं । महान् लेनिनलाई भावपूर्ण लाल सलाम गरेर हामी बाहिरियौं । यो क्षण अत्यन्तै अविस्मरणीय बन्न पुग्यो । त्यसपछि विशाल रेडस्क्वायर स्थलको अवलोकन भ्रमण गरियो । त्यसभन्दा बाहिर रहेका ऐतिहासिक एवं रमणीय स्थलहरुको अवलोकन भ्रमण सकेर मास्कोमै रहेको लेनिन संग्राहलयको समग्र अध्ययन, अवलोकन गरियो । मस्कोमा चिसो माइनस डिग्रीमा झरेको थियो । मेट्रो रेल्वे यात्राबाट वासस्थानमा पुगियो ।

२०१७ नोभेम्बर ३ तारिखका दिन शुरुमा आयोजक संस्थाले न्यमम न्ाष्मभच हरुको सहयोगमा शुरुमा वीरताका सालिकहरुको अवलोकन गरायो र रुसी अन्तरिक्ष यात्री युरी गार्गिनले यात्रा गरेको यान (रकेट)को अवलोकन गराइयो । उक्त यानलाई एउटा खुला म्यूजियम बनाएर उडाउनलाई तयारी अवस्थामा रहेको जस्तै गरी वैज्ञानिक रुपमा जडान गरिराखिएको रहेछ, त्यसको अवलोकन गरियो । साथ त्यस दिन मास्को भएर बग्ने विशाल नदीको अवलोकन गरेर पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा जर्मन हिटलरी नाजीवादलाई ध्वस्त पारेका हात हतियार, गोला, बारुद, बम रकेट, मिशायल आदिको विशाल म्युजिएम रहेछ, ती सबैको अध्ययन अवलोकन गरेर साँझ पुनः बासस्थानतिर प्रस्थान गरियो ।

२०१७ नोभेम्बर ४ तारिखका दिन कतिपय महत्वपूर्ण ऐतिहासिक स्थानहरुको अवलोकन सकेर मास्को भन्दा केही टाढा घना जंगलको बीचमा लेनिन-गोर्की हिल्स भन्ने स्थानमा भव्य रुपमा लेनिन म्युजियम बनाएर सुरक्षित रुपमा राखिएको रहेछ । अत्यन्तै शान्त र सुन्दर स्थल, जहाँ अन्य मानव बस्ति छैन त्यहाँ, त्यस भव्य भवनको पहिलो तलाको बीच भागमा सेतो रंगको अत्यन्तै आकर्ष ठूलो कदको तर बसेकै पोजिसनमा महान् लेनिनको प्रतिमा राखिएको रहेछ । त्यसपछि त्यही तल र दोश्रो तलामा लेनिन सम्बन्धि सन् १९०५ को असफल रुसी क्रान्तिः महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको तयारी गर्ने बेलाको र विजय पछिका घटनाक्रमहरु, लेनिनले अध्ययन गर्ने स्थान र लेनिनद्वारा लेखिएका समग्र पुस्तकहरु जो रुसी भाषामा प्रकाशित भएका रहेछन् ती सबको विशाल पुस्तकालय, अन्य सहयोगीहरुका तस्वीरहरु जो सजाएर राखिएको छ, ती सबै प्रेरणा ती सबको अध्ययन अवलोकन गरियो ।

त्यही लेनिन-गोर्की हिल्समा नै लेनिनलाई सन् १९१८ मा गोली लागिसकेपछि बिरामी अवस्थामा बसेको र मृत्यु समेत भएको त्यही भवनमा भएको एक ऐतिहासिक म्युजियम बनाएर सुरक्षित रुपमा राखिएको रहेछ । त्यहाँ लेनिन विरामी अवस्थामा बसेको, भेटघाट गर्ने, अध्ययन गर्ने कक्षाका साथै मृत्युवरण गरेका पलङ, बाथरुप वैठक हल लगायत अन्य प्रेरणादायिक संग्राहलय बनाइएको रहेछ ती सबको गहिरो गरी अध्ययन अवलोकन गर्ने गराउने काम सम्पन्न भयो ।

२०१७ नोभेम्बर ५ तारिखका दिन मुख्यतः महान् रुसी अक्टुबर समाजवादी क्रान्ति (बोल्सेबिक क्रान्ति पनि भनिन्छ) त्यसको पूर्व तयारीको बेला बोल्सेविकहरुमाथि अस्थायी सरकारले भीषण दमनचक्र चलाइएको थियो । प्रेस स्वतन्त्रतामाथि पनि प्रतिबन्ध र आक्रमण गरिन्थ्यो । त्यसो भएर रुसी कम्युनिष्ट पार्टी (बोल्सेविक) ले राजधानी मास्को स्थित मुख्य सडकको एउटा घरमा तीन तल मुनी भूमिगत प्रेस संचालन गरेको रहेछ र त्यस प्रेसमा पार्टीको मुखपत्र लेनिनको सम्पादकत्वमा प्रकाशित गरिने प्राभ्दा र पार्टीका अन्य प्रकाशनहरु र अक्टुबर क्रान्ति सम्बन्धी अन्य सामग्रीहरु छापेर प्रतिक्रियावादी सरकारका ऋक्ष्म हरुले समेत थाह नपाउन भनेर प्रेस संचालन गरिएको भवनको सडक पट्टी फलफूलको पसल चलाएर फलफूल विक्रीवितरण गरिरहेको देखाउने र अर्को ढोकाबाट पार्टी प्रकाशनहरु सरकारलाई छलेर बाहिर पठाउने अत्यन्तै जोखिम तर महत्व कार्य गरेको भवन र प्रेस सम्बन्धी सम्पन्न सर सामान राखेर एक ऐतिहासिक म्युजियम बनाएर सुरक्षित राखिएको रहेछ । त्यसको समग्र अध्ययन अवलोकन गर्ने र प्रेरणा लिने काम सम्पन्न भयो ।

राजधानी मास्कोमा भ्रमण सम्बन्धी अध्ययन अवलोकन र अन्य राजनीतिक, वैचारिक विषयहरुको रुसी कमरेडदरुसीत विचार आदान प्रदान गरेर ५ नोभेम्बर कै राती १० बजे रेल्वे लाइनको यात्राद्वारा कमरेड mष्तचथ को नेतृत्वमा हाम्रो टोली लेनिनग्रादको लागि प्रस्थान गऱ्यो र भोलिपल्ट विहान ८ बजे लेनिनग्राद पुगियो र पार्टीले तय गरेको होटेलमा बस्ने काम भयो ।

महान् लेनिनले पहिलो पटक जनविद्रोहको उद्घोष गरेको स्थान लेनिनग्राद पुग्ने वित्तिकै त्यहाँको समग्र विषयमा छिटो अध्ययन अवलोकन गर्नका लागि सबैका मनमा कौतुहल्ता सवार हुनु स्वाभाविक थियो । त्यसै दिन अर्थात २०१७ नोभेम्बर ६ तारिखका दिन बिहान कमरेड mष्तचथ को नेतृत्व र अगुवाइ तथा Andrey तथा Alexi जस्ता Good Guider हरुको सहयोगमा मेट्रो रेल्वेको यात्राबाट लेनिनग्रादको मुख्य चोकबाट केही टाढा एउटा विशाल पार्कको बीचमा लेनिनको ठूलो कदको प्रतिमा भएको ठाउँमा पुऱ्याइयो र फोटो सेसनका साथै अन्य विषयको अवलोकन गर्ने काम भयो । त्यसपछि त्यही नजिकै रहेको विशाल भूमिमा रहेको चर्चको अवलोकन गर्ने काम पनि सम्पन्न गरियो ।

त्यसपछि स्टालिनको पालामा अर्थात् दोस्रो विश्वयुद्धको समयमा जर्मन हिटलरी नाजीवादलाई पराजित गर्न निर्माण गरिएका अत्याधुनिक हात गोला, बारुद, बम, मिसाइल लगायतका हतियारहरु जर्मन सेनाबाट जफ्त गरिएका हतियार समेतको लेनिन ग्रादमा वार म्यूजियम बनाइएको रहेछ, त्यसको सम्पूर्ण अध्ययन, अवलोकन गर्ने काम भयो ।

२०१७ नोभेम्बर ७ तारिखको दिन महान् अक्टुबर क्रान्ति सम्पन्न गरिएको दिन थियो । र यो ऐतिहासिक र वीरतापूर्ण कार्य त्यही लेनिनग्रादमै सम्पन्न भएको थियो ।

लेनिनले विद्रोहको दिन ७ नोभेम्बरलाई नै रोजनु भएको थियो । त्यतिबेला त्यो शहरलाई पेत्रोग्राद भनिन्थ्यो र रुसको राजधानी पनि त्यही रहेछ । त्यही समयमा राजधानी पेत्रोग्रादमा अखिल रुसी मजुदरहरुको महाधिवेशन हुदै थियो । त्यस महाधिवेशनको सन्ध्यामा मजदुरहरु त्यहाँ ठूलो संख्यामा जम्मा हुने भएकाले लेनिनले त्यही दिनलाई विद्रोहको दिन छान्नु भएको र महाधिवेशनमा आएका मजदुरहरु नै अक्टुबर क्रान्तिका लागि बन्दुक बोकेर अस्थायी सरकार विरुद्ध सशस्त्र विद्रोहमा उत्रिए र ती मजदुरहरुले नै १९१७ (नोभेम्बर ७)मा अन्तरिम सरकारका मन्त्रीहरु बसेको ध्ष्लतभच एबबिअभ लाई कब्जा गरि ती मन्त्रीहरुलाई गिरफतार गरेर क्रान्ति सफल गरेका थिए भन्ने जानकारी र अन्य सम्पूर्ण तयारी जस्तो की राती २ बजे एकै समयमा यातायात, विजुली र टेलिफोन सेवा बन्द गराएर लेनिनग्राद शहरभरि एकैसाथ गोला बारुद, बमबन्दुक पड्काएर आक्रमण शुरु गरिएको र त्यही बेला सरकारी सेना विद्रोहलाई साथ दिन आएको इतिहास प्राप्त गरियो ।

त्यस दिन विश्वभरबाट अक्टुबर क्रान्तिको सत वार्षिकी उत्सव समारोहमा भाग लिन आउने विभिन्न मुलुकका कम्युनिष्ट पार्टीका प्रतिनिधिहरु आउने क्रम जारी थियो । साँझ लेनिनग्राद शहरमा विशाल जुलुस प्रदर्शनको आयोजना गरियो । त्यसमा हाम्रो नेपाली टोलीले अग्रपंक्तमा खडा भएर भाग लिएर आफ्नो पहिचान दिने काम भयो । हाम्रो टोली बाहेक नेपालीहरुका अन्य टोलीहरु थिए । त्यस जुलुसमा विश्वसाम्राज्यवादका विरुद्धमा र विश्वसर्वहारा क्रान्तिका पक्षमा गगनचुम्बी नाराहरु घनकाइएका थिए । झण्डा र व्यानरले लेनिनग्राद शहर रंगीएको थियो ।

२०१७ नोभेम्बर ८ तारिखका दिन दिउँसो ध्ष्लतभच एबबिअभ को अवलोकन गराइएको थियो । यही दरबारमा अन्तरिम सरकारका मन्त्रिहरु लुकेर बसीरहेको कोठामा मजदुरहरु पुगेर गिरफ्तार गरी ल्याएर महान् अक्टुबर समाजवादी क्रान्ति सफल भएको घोषणा गरिएको थियो, त्यसै दरबारलाई अहिले एउटा विशाल म्यूजियम बनाएर राखिएको रहेछ । त्यहाँ जारशाही शासनकालमा जार शासकहरुले रुसी जनतामाथि कति क्रुर शासन गर्दथे र उनीहरु कति वैभवशाली र सुखसयलमा बाँचेका थिए भन्ने उदाहरण सहित भित्ता भित्तामा चित्रहरु राखेर प्रष्ट पार्ने काम गरिरहेको रहेछ, त्यसको समग्र अध्ययन र अवलोकन गर्ने काम गरियो ।

त्यसै दिन साँझ डिनरको व्यवस्था गरिएको थियो र विश्वभर आएका खासगरी चीन, कोरिया, जापान, भियतनाम, नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, बर्मा, इन्डोनेसिया, फिलिपिन्स, बेलायत, जर्मनी, बेल्जियम, नेदरल्यान्ड, स्वीजरल्यान्ड, पोल्यान्ड, टर्की, पेरु, क्युबा, भेनेजुयला, ब्राजिल, नर्वे, स्विडेन, डेनमार्कलगायतका देशबाट कम्युनिष्ट पार्टीका प्रतिनिधिहरुका बीचमा विचारहरु आदान प्रदान गर्ने कार्य भएको थियो ।

त्यस कार्यक्रममा बोल्ने वक्ताहरुले आजको पुँजीवादी युगमा लेनिनका विचार र योगदानहरु सार्वभौम छन् । रुसमा मात्र सिमित न राखेर विश्वभर फैलाउनु पर्दछ र संरक्षण गर्नु पर्छ भन्ने विचार बढि राखिएको थियो । अर्थात् १०० वर्ष पछिसम्म पनि लेनिनको सान्दर्भिकता कायमै छ भन्ने कुरा राखेका थिए । र विश्व क्रान्ति, त्यसका विश्व भरका क्रान्तिकारी कम्युनिष्टहरु बीचमा एकता अपरिहार्य छ भन्ने विचार प्रस्तुत भएका थिए । २०१७ नोभेम्बर ९ तारिखका दिन लेनिनग्रादस्थित अर्को लेनिन संग्राहलयको अध्ययन अवलोकन गराइएको थियो । त्यस म्युजियममा पनि अक्टुबर क्रान्तिको तयारी र सत्ता कब्जासम्मको बारेमा राजनीतिक पार्टी, वैचारिक तयारी फौजी तयारी र अन्य तयारीका बारेमा गरिएका कामहरुको सिलसिले इतिहास र सत्ताकब्जा गर्दाखेरीको कलात्मक दृश्यहरु झल्कने पोस्टर चित्रहरु र सत्ताकब्जा गर्दा लेनिनग्रादमा गरिएको जनविद्रोह र ध्ष्लतभच एबबिअभ मा बसेका अस्थायी सरकारका मन्त्रीहरुलाई मजदुरले गिरफ्तार गरेर बाहिर ल्याएर सत्ता कब्जा गरेको घोषणा गरेको श्रव्य-दृश्य देखाइएको थियो । यो लेनिन म्युजियम अत्यन्तै प्रेरणादायक छ विश्वक्रान्तिको निम्ति पनि ।

यति नै हो १० दिने रुसी यात्राको विवरण । यसका अतिरिक्त वर्तमान रुसको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अवस्था र वातावरणको अध्ययन अवलोकन गर्ने, रुसमा विज्ञान र प्रविधिका क्षेत्रमा गरेको विकास र भौतिक समरचनाहरुको निर्माण, यातायात, शिक्षाः स्वास्थ्यका बारेमा पनि जानकारी लिने काम गरियो ।

रुसमा सोभियत मोडेलको समाजवादको पतन पश्चात सत्ताहिन हुन पुगेको बोरिस एल्तसिनको सरकारले लेनिनका देशभरका सबैजसो सालिकहरु भत्तकाई सकेको पाइयो भने स्टालिनको त कुनै नामो निसान नै नराखेर नष्ट पारेको पाइयो । अहिले रुसमा पुँजीवादी अवस्था छ । रुसमा अहिले पनि करीब १० वटा कम्युनिष्ट पार्टीहरु रहेछन् । चुनावमा भाग लिएका कम्युनिष्ट पार्टीहरु पनि रहेछन् ।

कम्युनिस्ट पार्टी अफ रसियन फेडेरेसनले चुनावमा भाग लिने गरेको रहेछ । ४५० सिट रहेको रसियाली संसद दुमामा यो पार्टीले ४२ सिट जिती प्रमुख प्रतिपक्षीको रुपमा रहेको छ ।

यस रुसी यात्राबाट मलाई प्रत्यक्ष रुपमा के अनुभूति भयो भने हाम्रो जस्तो अर्ध सामन्ती तथा नवऔपनिवेशिक मुलुक होस् वा पुँजीवादी तथा साम्राज्यवादी मुलुकहरुमा क्रान्तिका निम्ति महान अक्टुबर क्रान्ति र लेनिनका विचार र योगदानहरु प्रेरणाका श्रोत हुन भन्ने कुरामा विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरु प्रतिबद्ध लाग्नु पर्छ सन्देश महान अक्टुबर क्रान्तिले दिएको छ । किन आजको युग साम्राज्यवाद र विश्वसर्वहारा क्रान्तिको युग हो, जुन युगको बारेमा महान लेनिनले १०० वर्ष पहिले संशलेषण गर्नु भएको थियो । त्यसको सान्दर्भिक आज पनि बदर गएको छ । महान् अक्टुबर क्रान्तिको सतवार्षिकी मनाउन रुसको लेनिनग्रादमा भेला भएका विश्वभरका कम्युनिष्ट क्रान्तिकारीका प्रतिनिधिहरुले "विश्वबाट हराएका छैनन् कम्युनिष्टहरु" भन्ने सन्देश प्रवाह गरेका थिए ।

माथि उल्लेखित समय तालिका बमोजिम जुन लेनिनले जनविद्रोहको पहिलो पटक उदघोष गरेको स्थान र क्रान्तिकारी इतिहासको विरासतहरुको रुसको ऐतिहासिक शहर लेनिनग्राद पुगेर भौतिक रुपमै उपस्थित भएर रुसको भित्रैसम्म पुगेर अध्ययन अवलोकन गरि सकेपछि त्यो युगमा, त्यस बेलाको रुसमा लेनिन जस्तो मानिसले को कसरी र के कस्तो क्रान्तिका लागि तयारी गरेर विना रक्तपातपूर्ण तरिकाले जनविद्रोहद्वारा सर्वहारा क्रान्ति सम्पन्न गरेका रहेछन् भन्ने कुराको ठूलो प्रेरणा र शिक्षा प्राप्त भएको मलाई अनुभूति भयो । हामीलाई निमन्त्रणा गर्ने पार्टी र त्यस पार्टीका नेता कार्यकर्ताहरुले हामीलाई गरेको वर्गीय, माया, वर्गी प्रेम र वर्गीय सहयोग पनि अविस्मरणीय रहन गएको मलाई अनुभूति भयो । रुसी कमरेडहरुले हामीलाई लेनिन स्टालिनले गर्नु भएको विचारको विकास, पार्टीको विकास, देशको भौतिक विकास बारे गरेका योगदानहरुको म्युजियमहरु मार्फत र अन्य भौतिक वस्तुहरु ठाउँहरुको छोटै अवधिमा अध्ययन अवलोकन गराउन कत्ति कसर पनि बाँकी राख्नु भएन यसले गर्दा पनि मेरो रुसी यात्रा एक ऐतिहासिक र अविस्मरणीय शिक्षाको रुपमा रहेको मलाई अनुभूति भइरहेको छ ।

## देश र जनताको हितको लागि "मुठ्ठी" चिन्हमा मतदान



● विदुर खरेल, सर्लाही–२ बाट प्रतिनिधिसभाको उम्मेदवार

हाम्रो क्षेत्रमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालबाट मात्रै वामपन्थी उम्मेदवार रहेको छ । कथित बामपन्थी गठबन्धनले फोरमबाट आयातित गैरवामपन्थी उम्मेदवार उठाएको छ । पटक पटक सार्वजनिक पद धारण गरेर पनि जनपक्षीय काम नगरेका, जनताका वीचमा अलोकप्रिय, बदनाम उम्मेदवार रहेकाले जनताले हामीप्रति आशा राखेका छन् । देजमो बाहेक अरु पार्टीहरुले राजनैतिक एजेण्डामा जनतालाई विश्वस्त पार्नुको सट्टा 'मनि', 'मसल'को प्रयोग गरेर जनतालाई भ्रम, अन्यौल पार्न खोजेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालहरुलाई प्रमुखताका साथ जनताका वीचमा उठाइएको छ । संसदीय दलहरुले विगत देखि गर्दै आएका राष्ट्रघाती सम्झौता, सन्धीहरुको ब्यापक भण्डाफोर गरेर राष्ट्रिय स्वाधिनताको रक्ष ागर्ने विषयसँगै प्रतिक्रियावादी संसदीय व्यवस्थाको परिवर्तन गरी नयाँ जनवादी व्यवस्थाको स्थापनाको आवश्यकता, महत्वलाई जोडतोडपूर्वक स्थापित गर्दै लगिरहेका छौं ।

जनतासँगको अन्तर्क्रिया, छलफल, घरदैलो, कोणसभा, जनसभाको गर्दै जाँदा जनजीविकाका आधारभूत पक्षहरु गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यसँगसँगै रोजगारी, कृषि उत्पादन, वैदेशिक रोजगारीका विषयहरुलाई उठाएका छौं । प्रतिक्रियावादी संसदीय व्यवस्था र दलहरुको निरन्तर भ्रम, धोकाले गर्दा हाम्रा कुराहरु जनतालाई पत्याउन र बुझ्न यद्यपि केही अवरोध रहेको छ, त्यसै वस्तुगत अवस्थाका कारण जनतामा पनि नकारात्मक असर रहेको हुनाले त्यसै अनुरुपको व्यवहारिक प्रतिक्रिया पाएका छौं । अतः जनतामा जित्नेलाई भोट दिने, वामगठबन्धनबाट उम्मेदवारबाट हुनु भएको भए अझै बलियो हुने जस्ता प्रतिक्रिया, अभिव्यक्ति नआएको होइन, तर आम रुपमा निर्वाचनलाई उपयोग गरेको सकारात्मक रुपमा लिएको छ, क्रान्तिकारी पक्षहरु पनि यस चुनावमा उपस्थिति छ, स्थिति बलियो छ भन्ने स्थापित भएको छ । अहिले वाम गठबन्धनले जसरी स्थायी सरकारको हौवा पिटिरहेको छ, त्यो वास्तवमै भ्रमको खेती बाहेक केही नभएको कुरा हिजो केपि ओलीको सरकारलाई प्रचण्ड स्वयंले गिराएर काँग्रेससँग मिली आफु प्रधानमन्त्री बनेको पृष्ठभूमि, आधारले नै पुष्टि गरिसकेको छ । यसर्थ यो कथित वाम गठबन्धन सत्ताको भागबन्डाको लागि गरिएको नाटक परसम्म जाने जनतामा विश्वास, आशा कमै मात्र छ ।

कथित वाम गठबन्धनले जनतालाई पुनः धोका र आशामा चिसो पानी खन्याइदिने निश्चित छ । स्थानीय चुनाव देखि हाल प्रतिनिधि तथा प्रदेश सभाको चुनाव सम्म आउँदा संसदीय दलहरु स्वयंले पनि स्विकारेको र सार्वजनिक भएको विषय भनेको चुनावमा पानी सरी बगेको पैसाको श्रोत के हो ? एउटा उम्मेदवारले करोडसम्मको खर्च कसरी गर्न सक्यो ? त्यत्रो पैसा कसरी जम्मा भयो ? पैसाको श्रोत आमजनतालाई सु-सुचित गराउनु पर्‍यो । जनताका छोरा छोरीलाई विदेशमा बेचेर, लागु औषधी दुर्व्यसनीमा फँसाएर, देश-राष्ट्रघाती सन्धी सम्झौता गरी चुनावमा पैसाको छेलोखेलो गर्ने विदेशी दलाल, नोकरहरुको संसदीय पार्टी, उम्मेदवारहरुलाई भोट नदिन आम जनतामा अपिल सँगै सच्चा देशभक्त, प्रगतिशील, परिवर्तनकारी उम्मेदवारहरुलाई भोट दिन पनि विशेष आग्रह गर्न चहान्छौं । हिजो देखि नै यहि काँग्रेस, एमालेले प्रत्येक चुनावका बेला ठुल ठुला विकास निर्माणका आश्वासन दिने तर सिन्को नभाँच्ने काम हुँदै आइरहेको छ, अहिलेको चुनावमा पनि त्यही दोहार्‍याई राखेका छन् त्यसमा सम्पूर्ण जनताहरु सतर्क रहनु पर्‍यो, तिनीहरुको भ्रम, धोकाको जवाफ भनेको त्यस्ता पार्टी, उम्मेदवारहरुलाई भोट नदिनु नै हो । वैदेशिक रोजगारीका नाममा नेपालीका छोरा छोरीहरु, युवाहरुलाई विदेशीका गुलाम बनाउने देश, राष्ट्रको निमित्त अत्यन्तै घातक छ, त्यसलाई अविलम्ब रोकी देशमा रोजगारी श्रृजना गरी युवाहरुको लागि अवसर जुटाई दिनु आवश्यक छ । यसको लागि प्रतिक्रियावादी, अवसरवादी संसदीय पार्टीहरु, तिनका उम्मेदवारहरुबाट सम्भव छैन, बरु विदेशीका गुलाम बनाउने नीतिको विरोध र संघर्ष गर्ने भनेको देजमो, नेपाल र उसका उम्मेदवारहरु मात्र छन्, त्यसैले पनि देजमो, नेपाल र यसका उम्मेदवारहरुलाई यो चुनावमा भोट दिनु, जिताउनु आवश्यक छ । देश र जनताको हितको लागि "मुठ्ठी" चिन्हमा मतदान निर्विकल्प छ ।

# पूर्वी नेपालमा दोजमोको पक्षमा जनलहर



इटहरी । पूर्वी नेपालको बिभिन्न प्रदेस र चुनाबी क्षेत्रहरूमा देशभक्त जनगणतान्त्रिक मोर्चाको पक्षमा चुनाबी जनलहर उर्लिएको छ । उदयपुर, सुनसरी, झापा, इलाम र मोरङमा देजमो पक्षमा चुनावी माहौल बन्दै गएको र यि क्षेत्रहरुमा चुनावी सभाहरु व्यापक रुपमा भइरहेका छन् ।

आइतबार मोरंगको क्षेत्र ३ नं. को सलकपुरमा चुनावी सभा सम्पन्न भएको छ । सभालाई नेपका (क्रान्तिकारी माओबादी) केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष तथा पार्टी सबद्ध देजमो, नेपातको तर्फबाट प्रतिनिधि सभाका लागि समानुपातिक उम्मेदबार तथा चुनाबी सभाका प्रमुख अतिथि प्रा. डा. ओम गुरूंगले सम्बोधन गर्नु भयो ।

उक्त अबसरमा वहाँले अहिले नेपालको राजनीति र राज्यसत्ता प्रतिक्रियाबादी र प्रतिगामीहरूको नियन्त्रणमा रहेकोले आदिबासी जनजीति लगायत उपेक्षित र उत्पीडित जनसमुदाय, वर्ग र जातिको पहिचान र अधिकार कुन्ठित भएको छ, जनजीबिका र जनतन्त्रको सवालहरू ओझेलमा परेको छ र नेपालको सार्बभौमिकता र राष्ट्रिय स्वाधिनता खतरामा परेको छ । त्यसैले प्रतिक्रियाबादी र प्रतिगामी तत्वहरूको जनबिरोधी र राष्ट्रधाती कृयाकलापहरूको भण्डोफोर गर्दै आदिबासी जनजातिहरूको पहिचान स्थापित गर्न, आदिबासी जनजाति लगायत अन्य उत्पीडित बर्ग समुदाय र लिंग क्षेत्रको अधिकार स्थापित गर्न आफु र आफु सम्बद्ध दलले अहिलेको संसदीय निर्बाचनमा भाग लिएको स्पष्ट पार्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य तथा मोर्चाका सचिवालय सदस्य मनोज श्रेष्ठले संचालन गरेको उक्त सभामा पहिचान र अधिकारको लागि सदा समर्पित आफु र आफु जस्तै देजमोका प्रत्यक्ष र समानुपातिक उमेदहरूलाई मुठ्ठी चिन्हमा मतदान गरेर बिजयी गराउन पनि नेता गुरुङले जनसमुदायलाई आह्वान गर्नु भयो ।

सभामा सनसरी क्षेत्र नं ४ का प्रतिनिधि सभाका प्रत्यक्ष उम्मेदबार बिर्सुलाल उराव, प्रतिनिधिसभा समानुपातिक उम्मेदबार ओम मण्डल, प्रदेश सभाको समानुपातिक उम्मेदबार नागेन्द्र राईलगायतले बोल्नुभएको थियो ।

## बर्दियामा यसरी बन्दैछ मुठ्ठी चिन्हको पक्षमा चुनावी माहौल

**आयुष न्यौपाने /बर्दिया**

निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार चुनावी मैदानमा उत्रिएको नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल बर्दियाले आक्रामक रुपमा चुनावी प्रचार प्रसारका साथै संसदीय व्यवस्थाका



विरूद्धमा जिल्लाभर व्यापक भण्डाफोरका कार्यक्रमहरु गर्दै आफ्नो चुनाव चिन्ह मुठ्ठीको पक्षमा चुनावी माहौल बनाएको छ ।

देजमो बर्दियाका अनुसार क्षेत्र नम्बर एकमा पहिलो चरणमा चुनावी पोष्टर पम्प्लेट र प्रतिबद्धता टास्ने काम र दोश्रो चरणमा संसदीय व्यवस्थाको व्यापक भण्डाफोर र ठाउँ ठाउँमा कोणसभाहरु सम्पन्न भएका छन् ।

देजमोबाट बर्दिया क्षेत्र नम्बर एकका प्रतिनिधि सभा सदस्यका उम्मेदवार लोकराज जैसीले राज्य श्रोतको चरम लुट गरेर गाडीहरूका लावा लस्कर, खोक्रो तामझाम देखाउने संसदीय पार्टीहरूको वास्तविकता जनतामाझ छर्लङ्ग भएको र जनतालाई संसदीय व्यवस्था झुट र भ्रमको खाडल जस्तो लागेको तर्क गरेका गर्छन् । उनी भन्छन्, "संसदीय व्यवस्था दलाल, भ्रष्टहरू र मुठ्ठीभरका सामन्तहरूको भकारी जस्तो भएकाले जनताहरूले यो निर्वाचनको विधि मार्फत मुठ्ठी चिन्हमा मतदान गरेरे अवश्य भत्काउने छन् ।

बर्दियाको सदरमुकाम गुलरियाका साथै मुख्य बजार बाँसगढी, बैदी, जयनगर, धधवार, बढैयाताल, मैनापोखर, भोलागौडी, सितलाबजार, गणेशपुर, खैरापुर लगायतका स्थानमा देजमोका उम्मेदवारको फोटो सहितका पर्चा पम्प्लेटहरू ठाउँ ठाउँमा टासिएका छन् । देजमोका नेता कार्यकर्ताहरु गाउँ गाउँमा पुगेर जनयुद्धका सहिद, बेपत्ता परिवार, अपाङ्ग र गरीव गाउँहरूमा पुगेर दशवर्षे महान जनयुद्ध र महाद बलिदानको सम्मानका लागि पनि मुठ्ठी चिन्हमा मतदान गर्नु पर्ने तर्क गर्र्दै आएका छन् । क्रान्तिकारी माओवादी र देजमोले मात्रै दशवर्षे जनयुद्धका एजेण्डाहरु बोकेर हिडिरहेको र नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको दावी गरेका छन् ।

यसैबीच, मंगलबार देजमोले ठाउँ ठाउँमा भण्डाफोर कोण सभाहरू समेत सम्पन्न गरेको छ । ती कोणसभाहरुलाई क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य भुपेन्द्र न्यौपाने, सेक्रेटरी दुर्गा खत्री, जिल्ला नेताहरू रामलौटन थारू, लोकेन्द्र आचार्य र उम्मेदवार जैसीले सम्बोधन गरेका थिए । ती कोणसभाहरुको सञ्चालन क्रान्तिकारी युवा लिंगका केन्द्रीय सचिवालय सदस्य दिल बहादुर कठायत 'भुकम्प'ले गरेका थिए ।

## सिन्धुलीमा कोणसभा सम्पन्न



सिन्धुली । सिन्धुली सदरमुकाममा देशभक्तजनगणतान्त्रिक मोर्चाले चुनावी कोणसभा सम्पन्न गरेको छ । सदरमुकाम सिन्धुलीको धुराबजारमा रहेको पार्टी कार्यालयबाट निस्किएको र्‍याली लोकतान्त्रिक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

शनिबार भएको उक्त कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पूर्वकार्यालय सदस्य रामसिंह श्रीसले सम्बोधन गर्नुभएको थियो । कोणसभामा सिन्धुली–२ नं. निर्वाचन क्षेत्रका प्रतिनिधिसभा सदस्यका उम्मेदवार थलप्रसाद देवकोटा, प्रदेशसभा ख)की उम्मेदवार पूर्णाकुमारी सुवेदीलगायतले सम्बोधन गर्नुभएको थियो । सिन्धुली–१ बाट लोकेन्द्रबहादुर कार्की प्रतिनिधिसभाको उम्मेदवार हुनुहुन्छ भने प्रदेशसभातर्फ क) मा उम्मेदवार बनेका शान्तिमान कार्कीले वाम गठबन्धनलाई समर्थन गरेपनि ख)का चन्द्रमान मगर लगायत सबै उम्मेदवारहरु पार्टी र मोर्चाको नीतिमा अडिग भएर मुठ्ठी चिन्हमा भोट माग्दै घरदैलो र चुनावी प्रचार प्रसारमा हुनुहुन्छ ।

## क्रान्तिकारी माओवादी कन्चनपुरद्वारा भू–माफियाको विरोध

कन्चनपुर । नेकपा(क्रान्तिकारी माओवादी) कन्चनपुरले एक प्रेस वक्तव्य जारी गरी जिल्ला अन्तर्गत नगर विकास समितिले गरेको भ्रष्टाचारको छानविन गर्नुको सट्टा उल्टै सो कार्यलाई प्रोत्साहन गरी केही भू-माफियाहरुका नाममा घडेरी विक्री वितरण गरी चुनावको मौका छोपी धमाधम भवन निर्माण कार्य भईरहेको भन्दै सो कार्यको घोर भर्त्सना गरेको छ ।

क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी हरि सुवेदीले मंगलबार जारी गरेको वक्तव्यमा उक्त कार्यलाई तत्काल रोकी आवश्यक छानवीन प्रक्रिया अगाडि बढाउन प्रशासन समक्ष जोडदार माग गर्नुको साथै उक्त कार्यको सम्बन्धित पक्षबाट छानविन नभएको खण्डमा त्यसबाट पर्न जाने क्षतिको जिम्मा स्वयंम प्रशासनले लिनुपर्ने चेतावानी समेत दिइएको छ ।

वक्तव्यमा मुलुक यतिबेला चरम राजनीतकि संकटबाट गुज्रिरहेको छ । राज्यभित्र व्यापक दलालीकरण, भ्रष्टचार, महंगी, कालो बजारी एवम् खाद्यान्न संकट र दैनिक उपभोग्य वस्तुमा भएको मुल्य वृद्धिले आम जनताले प्रत्यक्ष रुपमा यसको सास्ती भोगिरहेका छन् । संविधानको घोषणा सँगै स्थानीय निर्वाचन र अहिले हुदै गरेको प्रतिनिधि र प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलहरुले जनताका यि विविध समस्याहरुलाई हल गर्नुको साट्टो लाखौं पैसा खर्च गरी कसरी चुनाव जित्ने भन्ने दौडधुपमा लागि परेको समेत उल्लेख गरिएको छ ।

## दुवै गठबन्धन ...

जनयुद्धको नेतृत्व गरेका माकेका अध्यक्ष प्रचण्ड संसदीय भासमा डुबेको दावी गर्दैं सत्तामैं पुग्नका लागि दक्षिणपन्थी अवसरवादीसँग आत्मसमर्पण गरेको आरोप लगाउनुभयो । उहाँले मुलुकमा बनेको दुई गठबन्धनलाई राष्ट्रलाई लुट्न र जनता ठग्न बनेको गठबन्धनको संज्ञा दिनुभयो । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य समेत रहनु भएका थापाले राष्ट्रियता रक्षाका लागि मुठ्ठी चुनाव चिन्हमा मतदान गरेर मोर्चाका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो ।

कार्यक्रममा रुपन्देही क्षेत्र नं १ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार मोजिव अली, २ का उम्मेदवार दलबहादुर छन्त्याल, प्रदेश सभा उम्मेदवार शंकर केसी, लुम्बिनी रिक्सा व्यवसायी संघ, बुटवलका महासचिव प्रेम थापामगरलगायतले बोल्नुभएको थियो । यसैबीच कार्यक्रममा देजमोका केन्द्रीय सचिव थापाले सम्बोधन गरिरहेको बेला माकेका कार्यकर्ताले पार्टीका अध्यक्ष प्रचण्डमाथि गरिएको आलोचनाको कुरा सुन्न नसकेर आक्रमणको प्रयास गरेका थिए । तर पछि देजमोका कार्यकर्ताले सम्झाएपछि माकेका कार्यकर्ता फर्केको नेता राजु भुजेलले जानकारी दिनुभयो ।

यसैबीच, एक अर्को कार्यक्रममा सचिव थापाले संघर्षको मञ्चका रुपमा निर्वाचन उपयोग गरेको बताउनुहुँदै मुलुकबाट राष्ट्रघाती र भ्रष्टाचारी तत्वहरुलाई नामेट पार्न आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मोर्चाको चुनाव चिन्ह 'मुठ्ठी'मा मतदान गरी मोर्चाका उम्मेदवारहरुलाई विजयी गराउनु पर्ने धारणा राख्नुभएको छ । थापाले राष्ट्रियता रक्षाका लागि मुठ्ठी चुनाव चिन्हमा मतदान गरेर मोर्चाका उम्मेदवारलाई जिताउंन आग्रह गर्नुभयो । उहाँले राष्ट्रघाती र भ्रष्ट्राचारीको अन्त्य हुन जरुरी रहेको भन्दैं नेकां-एमाले र माकेले नैं मुलुकमा भ्रष्ट्राचार र राष्ट्रघात गरेको आरोप लगाउंनुभयो । ०७२ सालमा जारी संविधान ०६३ को अन्तरिम संविधान भन्दा पनि पश्चगामी रहेको दावी गर्दै उहाँले त्यसको प्राण राख्न चुनावको नाटक गरिएको टिप्पणी गर्नुभयो ।

संसदीय व्यवस्था अन्त्यका लागि मोर्चाले निर्वाचनलाई संघर्षकैं मोर्चाको रुपमा उपयोग गरेको भन्दै नेता थापाले देशभक्त जनगणतान्त्रिक उम्मेदवारहरुले मात्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरुको वास्तविक समाधान दिनसक्ने दावी गर्नुभयो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल,रुपन्देहीले बिहीबार बुटवलको पुष्पलाल चोकमा आयोजना गरेको चुनाबी सभालाई सम्बोधन गर्दैं नेता थापाले उक्त कुरा बताउनु भएको हो । उहाँले चुनाब जित्नका लागि प्रतिगामी र प्रतिक्रियावादीसँग पार्टी एकता पनि नहुने र चुनाबमा पनि संगैं जान नसकिने पनि बताउनु भयो ।

अमेरिकी राजदुत आउंदा मार्क्स-एङ्गेल्सका फोटो लुकाउंने एमाले र जनयुद्धको बाटो छाडेर संसदीय भासमा डुब्ने माके बाम हुंनै नसक्ने उहां जिकिर गर्नुभयो । पूर्व सांसद समेत रहनुभएका उहांले राजा ल्याउंन सपना बाढेका कमल थापासंग चुनाबी एकता गरेर कांग्रेस लोकतान्त्रिक हुंनै नसक्ने बताउंनुभयो । जनताको आँखांमा छारो हाल्न बनेका दुबै गठबन्धन पाखण्डीपन भएको उहांले दावी गर्नुभयो । राष्ट्र र जनताका हितमा काम गर्नका लागि कांग्रेस-एमाले र माओवादी केन्द्रकैं अन्त्य हुंनुपर्ने उहांले जोड दिनुभयो । कार्यक्रममा रुपन्देही क्षेत्र नं २ प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार दलबहादुर छन्त्याल, प्रदेश सभा उम्मेदवार खुमानन्द भुसाल, रुपन्देही क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार विनोद मरासनी लगायतले बोल्नुभएको थियो ।

## संसदीय व्यवस्था...

गरेको चुनावी सभालाई सम्बोधन गर्दैं गजुरेलले सो कुरा बताउनुभएको हो । बहुदलीय संसदीय व्यवस्था फाल्नकै लागि जनयुद्ध गरिएको स्मरण गर्दैं गजुरेलले त्यही व्यवस्थालाई बचाउनु थियो भने १३ हजारलाई किन सहिद बनाइयो माकेका अध्यक्ष प्रचण्डलाई प्रश्न गर्नुभयो ।

विदा गरिएको राजा ल्याउने शक्तिसंग चुनाबी एकता गर्ने कांग्रेस र कम्युनिष्टको नाममा संसदीय भासमा दुवेको एमालेसंग चुनावी एकता गर्ने माके दुवै जनता ठग्न बनेको गठबन्धनको टिप्पणी गर्नुभयो । नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता समेत रहनुभएका गजुरेलले आफ्नो पार्टीले मोर्चा मार्फत चुनावलाई उपयोग गरेको बताउँदै बर्तमान संविधानको खारेजी र संसदीय व्यवस्थाकै विरोधका लागि चुनावमा भाग लिएको तर्क गर्नुभयो । उहाँले संविधानलाई पश्चगामीको संज्ञा दिँदै अहिले आन्दोलनको वातावरण नभएकाले आफूहरु चुनावमा भाग लिएको बताउनुभयो ।

कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य प्रेम सुवेदी, केन्द्रीय सदस्य तथा कपिलवस्तु क्षेत्र नं १ का प्रतिनीधि सभा सदस्य पदका उम्मेदवार समिर केसी, ज्ञानीराम पुरी लगायतले बोल्नुभएको थियो । कार्यक्रम कपिलवस्तु क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार अब्दुल सलाम खानको अध्यक्षता तथा आकाशको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । त्यस्तैं नवलपुरको सुनवलमा भएको चुनावी सभालाई पनि देजमोका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गर्नुभएको छ । उहाँले सो अवसरमा बोल्दैं अहिलेसम्म शासन सत्तामा रहेका र निर्वाचनपछि पनि शासन सत्तामा गएर जनता र मुलुकलाई ठग्नेसँग सचेत रहन आग्रह गर्नुभयो ।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १८-०७३/०७४) वर्ष २ अङ्क २२
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# क्रान्तिकारीहरुले बुझ्नैपर्ने सवाल

● पर्जन्य

क्रान्ति गर्दा दास युगमा दासहरु, कृषि युगमा भूमिहीन र मोही किसानहरु अनि कलकारखानाको युगमा मजदुरहरु प्रमुख शक्ति हुन्छन् । नेपालको अवस्था हेर्दा क्रान्तिको प्रमुख शक्ति हुने संख्या न किसानमा छ न त्यो संख्या मजदुरमा नै छ । किसान मजदुरको अधिकांश हिस्सा अहिले बैदेशिक रोजगारीमा छ । ती नेपालीलाई नेपाली क्रान्तिमा कसरी समेट्ने त्यस विषयमा क्रान्तिकारीहरुले गम्भीर भएर सोच्न जरुरी छ । यो सवाल निकै नै विचारणीय छ ।

प्रतिगामी शक्तिलाई परास्त गरी गणतन्त्रलाई जीवित राखी समावेशी र सहभागितामूलक अधिकारलाई बचाउन अनि विखण्डनकारी भूतहरुलाई ऐतिहासिक रुपले परास्त गरी जननी जन्मभूमि नेपाल आमालाई ऐतिहासिक रुपले रक्षा गर्न क्रान्तिकारीहरुले इमान्दार भएर चुनावमा लिएका भएपनि निर्वाचनबाट वर्तमान संसदीय व्यवस्था बदल्न सकिने सम्भावना छैन । त्यसका लागि फेरि पनि नयाँ जनवादी क्रान्तिको तयारीलाई अगाडि बढाउनु पर्ने देखिन्छ । र, गणतन्त्रलाई साँच्चै जनताको गणतन्त्र बनाउन सक्नैपर्छ ।

जनक्रान्तिलाई अगाडि बढाउने सवालमा केही सवालहरुमाथि हामीले गम्भीर ध्यान दिनै पर्दछ । विश्व पुँजीवाद सारतः उही रहेपनि रुप पक्षमा उसका विशेषताहरुमा केही फेरबदल आएको छ । त्यसलाई गहिरोगरी अध्ययन र बोध गर्न जरुरी छ । अब हामीले मार्क्सवादमा आधारित भई देश र दुनियाँको ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै कार्यक्रम तय गर्नुपर्ने बेला आएको छ । यस्तो अवस्थामा एकदम नयाँ शिराबाट सोची अघि बढ्नु पर्दछ ।

माओवादीका धेरै नेता कार्यकर्ताहरु अहिले भ्रष्ट भएका छन् । हिजो जनयुद्धताकाको आदर्श र निष्ठा उनीहरुमा अहिले छैन । उनीहरुका कारण निष्ठावान र इमान्दार माओवादी नेता कार्यकर्ताहरुलाई निकै अप्ठ्यारो पारेको छ । यसलाई चिर्न निकै प्रयत्न गर्न जरुरी छ । तसर्थ अब अलि नयाँ ढंगले सोच्न जरुरी छ । हामीले अब एकदम नयाँ ढंगले काम गर्नपर्छ । मालेमावादको राम्रो प्रयोग गर्नपर्दछ ।

भारतीय फिल्ममा हुन्छ नि एक नाफाखोरी भूमिगत गिरोह हुन्छ, त्यसको सदस्य मजदुर वर्गमा पनि हुन्छ । कारखाना मालिक वर्ग पनि हुन्छ, पुलिस पनि हुन्छ । सरकार र पार्टीमा पनि हुन्छ । त्यही भूमिगत गिरोहले आफ्नो सदस्य प्रयोग गरेर मजदुरलाई जुलुस निकाल्न र तोडफोडमा उत्रन उक्साउँछ, मालिकलाई कुनै पनि हालतमा सम्झौता नगर्न सल्लाह दिन्छ, पुलिसलाई गोली चलाई मान्छे मार्न कान फुक्छ अनि गोली लागेपछि मजदुरलाई पुलिस कारखाना-मालिकलाई जिउँदै जलाउन वा क्रूर तरिकाले मार्न र पार्टी अफिस र अन्य चारैतिर आगजनी तोडफोड गर्न उक्साउँछ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा बावुराम जस्ता दक्षिणपन्थी एण्ड कम्पनी हिडी क्रान्तिकारी मात्र रहन गएकाले प्रचण्ड समूह पवित्र रहन गयो भनी भ्रम छरिएको छ । र, कतिपय मानिसहरु अन्य पार्टी छाडी त्यहाँ मिल्न जानेक्रम पनि देखिएको छ । साँच्चै भन्ने हो भने बाबुराम र प्रचण्डमा केही फरक छैन । उनीहरु दक्षिणलाई रिझाउन प्रतिस्पर्धामा छन् र प्रचण्ड समूह पनि तीव्र प्रतिक्रियावादीकरणमा छ । यसमा कुनै भ्रम राखिनु हुन्न ।

के गर्दा के हुन्छ, त्यो गर्दा क्रान्तिलाई कति फाइदा हुन्छ, प्रत्यक्ष र अप्रत्यक्ष, तत्कालीन र दीर्घकालीन फाइदा कति हुन्छ जडसुत्रवादी भएर होइन, अरु देशको अन्धानुकरण गरेर होइन, नेपालको धरातलीय विशिष्टतामा ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै कार्यनीतिक स्टेपहरु चाल्न क्रान्तिकारीहरु खप्पिस हुनुपर्दछ ।

कार्यनीति परिस्थिति अनुसार फेरिरहन्छन् । ठोस परिस्थितिको ठास विश्लेषण गरेर कार्यनीतिक स्टेपहरु चालिनु पर्दछ । १९२८/२९ तिरका चिनियाँ कम्युनिष्ट पार्टीको चिङ काङ साङ पाहाडकालीन क्रान्ति र १९१७ को अप्रिल थेसिस पछिको अक्टोबर क्रान्तिको अन्धानुकरणले पनि क्रान्तिलाई फाइदा नपुग्न सक्छ । त्यो महान र गौरवशाली इतिहासबाट राम्रो सबक सिक्नुपर्दछ । अहिले नेपालको परिस्थिति र चिनियाँ र रसियन क्रान्तिताकाको परिस्थितिमा ठूलो भिन्नता छ । त्यसबेला ती दुवै देशमा महामारी, भोकमरी र विदेशी आक्रमणको यस्तो विभत्स अवस्था थियो कि त्यहाँ मान्छेले मरेको मान्छे जलाउन वा गाड्न छाडी आँफै खान थालेका थिए । महामारीले गर्दा मरेका मान्छेलाई अन्तिम संकार गर्न नसकी लास अलपत्र भई सडिएका थिए । स्याल र गिद्धको भोजन भइरहेका थिए भने विदेशी सेना पसी रक्तपात, हत्या, हिंसा, बलत्कार र लुटपाट मच्चाइरहेका थिए । त्यो अवस्था अहिले नेपालमा नभएपनि नेपालमा भ्रष्टचार ब्याप्त छ । अनियमितता बेरोजगारी, महंगी चुलिंदो अवस्थामा छ । संसदीय ब्यवस्था असफलसिद्ध भएको छ । पछिल्लो कालखण्डमा बढ्दै गएको राजनीतिक ध्रुवीकरणले क्रान्तिकारी ध्रुवीकरणलाई पनि एउटा राम्रै बातावरण र दवाव पैदा भएको छ । क्रान्तिकारीहरुले ठोस पहलकदमी लिन जरुरी छ ।

सच्चा कम्युनिष्ट क्रान्तिकारीहरुबीचको एकता विना क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन कठिन छ । परिस्थितिको दबाब बढेर गएको छ कि क्रान्तिकारीहरु एकजुट हुनैपर्दछ । यदि साँच्चै क्रान्तिप्रति इमान्दार हो र त्यसको आवश्यकता बोध गरेको हो भने क्रान्तिकारीहरु एक ठाउँमा नआई सुख्खै छैन । त्यसको बोध सबै क्रान्तिकारीहरुले बेलैमा गर्न जरुरी छ ।

# क्रान्तिकारी माओवादी मकवानपुरमा प्रवेशको लहर

हेटौडा । मकवानपुरमा चुनावी प्रचार प्रसार र प्रतिक्रियावादी व्यवस्थाको भण्डाफोर अभियानका बीच क्रान्तिकारी ध्रवीकरण पनि बढेर गएको छ । पछिल्लो समयमा मकवानपुरमा क्रान्तिकारी माओवादी पार्टी प्रवेशको लहर बढेर गएको छ ।



क्रान्तिकारी माओवादीका जिल्ला नेता वियोगी पारसले दिएको जानकारी अनुसार नयाँ जनवादी क्रान्तिलाई नयाँ उचाइमा उठाउन एकताबद्ध हुने क्रममा आइतबार हेटौडा उपमहानगरपालिका १६ स्थित गौरितारमा सन्जिता थापाको नेतृत्वमा ७ जना पार्टी प्रवेश गरेका छन् । निला थापाको अध्यक्षतामा भएको एक कार्यक्रममा उनीहरु क्रान्तिकारी माओवादी प्रवेश गरेका थिए ।

क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी बादलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको सञ्चालन समानुपातिक तर्फका उमेदवार समेत रहेका पारशले गर्नुभएको थियो । कार्यक्रममा १ नम्बर निर्वाचन क्षेत्र प्रदेश शभा ख) का उमेदवार मनकुमार न्यौपाने लगायतको उपस्थिति रहेको थियो । मकवानपुर-१ मा प्रतिनिधिसभा तर्फ दीलबहादुर घिसिङ, प्रदेशसभातर्फ क) मा मानबहादुर स्याङ्तान, ख) मा मनकुमार न्यौपाने चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने २ नं. निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा तर्फ सागर उप्रेती, प्रदेशसभातर्फ असलमान स्याङतान र ख)मा क्षेत्रबहादुर थिङ चुनावी मैदानमा हुनुहुन्छ ।

चुनावी माहौल आफ्नो पक्षमा पार्न पार्टी र देजमोले चुनावी प्रचार प्रसारलाई तीव्र पारेको छ ।

यसैबीच, वाम र लोकतान्त्रिक गठबन्धन परित्याग गरी क्रान्तिकारी माओवादी मकवानपुरको राक्सिराङ्ग गाउपालिका ४ भिमलटारमा रामकृष्ण भोलोनको नेतृत्वमा ७५ जना युवाहरू प्रवेश गरेका छन् ।

सोही गाउँमा सन्जिब मोक्तानको नेतृत्वमा २९ जनाको पार्टी सेल कमिटी पनि निर्माण गरिएको क्रान्तिकारी मकवानपुरले जनाएको छ । नवप्रवेशी युवाहरूलाई जिल्ला सेक्रेटरी निरज वाइबा'बादल', २ नम्बर निर्वाचन क्षेत्रका उमेदवार कमरेड सागर उप्रेती, २ नम्बर निर्वाचन क्षेत्र प्रदेश तर्फका ख का उमेदवार क्षेत्र बहादुर थिङ'अमर'ले स्वागत गर्नुभएको थियो । यसैबीच, जिल्लाको भिमफेदी गाउँमा भएको एक भेलाले अमर लामाको संयोजकत्वमा पूर्व जनमुक्तिसेनाका सदस्यसहितको क्रान्तिकारी युवा लिगको वार्ड कमिटि गठन गरिएको छ ।

## देशैभर देजमो ...

सम्बोधन गर्नुभयो ।

त्यसलगत्तै सिरहाको वस्तीपुर, सर्लाहीको बसतपुर हुँदै १० मंसिरमा कपिलवस्तुको जितपुर चारनम्बरमा आयोजित सभालाई सम्बोधन गर्न पुग्नुभयो भने ११ गते नवलपुरको कावासोती क्षेत्रमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले मोर्चाका उम्मेदवारहरुलाई मुठ्ठी चिन्हमा मतदान गरी अत्यधिक मतले विजयी गराउन जनसमुदाय समक्ष अपील गर्नुभयो । त्यसैगरी अध्यक्ष गजुरेलले १२ गते सिरहाको जिरोमाइल, १३ गते सर्लाहीको हरिपुर र १४ गते महोत्तरीको ढेकहा र सिरहाको लाहनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्नुभयो । उहाँ १६ गते झापाको कुन्जीवारीमा आयोजित सभालाई सम्बोधन गर्न पुग्नुभयो भने १७ गते विहान विराटनगरको पुष्पलाल चोकको सभालाई सम्बोधन गर्नुभयो । आइतबार नै विराटचोकमा आयोजना गर्ने अर्को सभामा पनि अध्यक्ष गजुरेलले सम्बोधन गर्नुभयो ।

पार्टीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीस जिल्लामा आयोजित सभालाई सम्बोधन गर्न शनिबार सिन्धुली र काभ्रे पुग्नुभयो भने देजमोका केन्द्रीय सचिव समेत रहेका नेता परि थापा ५, ६ र ७ नं. प्रदेशका जिल्लाहरुमा आयोजित विभिन्न कार्यक्रमहरुमा सहभागी बनीरहनु भएको छ । शुक्रबार उहाँले रुपन्देही क्षेत्र नं. २ को बुटबलमा आयोजित चुनावी सभालाई सम्बोधन गर्नुभयो भने शनिबार रुपन्देही कै १ नं. निर्वाचन क्षेत्रको खैरेनीमा आयोजित सभालाई सम्बोधन गर्नुभयो । १७ गते कैलालीको अत्तरीयामा र १८ गते कंचनपुरमा आयोजना गरिने कार्यक्रमलाई सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ ।

पार्टी प्रवक्ता समेत रहेका हरिभक्त कँडेलले पनि बाँके, बर्दिया, कैलाली, कंचनपुर लगायतका जिल्लामा आयोजित सभालाई सम्बोधन गर्नुभयो भने उहाँ पनि चुनावी अभियानमा जिल्ला जिल्लामा हुनुहुन्छ भने पार्टी केन्द्रीय सल्लाहकार अध्यक्ष समेत रहनु भएका डा. ओम गुरुङ पनि पश्चिम कास्की, बाग्लुङ, म्याग्दी हुँदै पूर्वका जिल्लाहरु चितवन, मोरङ, सुनसरी, झापालगायतका जिल्लाहरुमा "मुठ्ठी" चिन्हमा भोट माग्दै पुग्नुभएको छ । उहाँ समानुपातिक तर्फ प्रतिनिधिसभाको उम्मेदवार हुनुहुन्छ ।

### आक्रामक रुपमा भइरहेको छ चुनावी प्रचार प्रसार

देशैभर देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवार हरुले चुनावी प्रचार प्रसारलाई आक्रामक बनाएका छन् । झण्डा, व्यानर, माइकिङसहित दिन दिनै उम्मेदवारहरु मतदाताको घरमा पुग्ने, चोकहरुमा कोणसभा गर्ने, अन्तर्क्रिया, छलफल गर्ने, चुनावी कार्यालयहरु स्थापना गरेर प्रचार प्रसारलाई व्यवस्थित बनाउने र प्रतिक्रियावादी संसदीय पार्टीका उम्मेदवारहरुको भण्डाफोर गर्ने लगायतका कार्यक्रमहरुलाई तीव्रता दिइएको छ ।

हामीलाई कंचनपुरबाट प्राप्त समाचार अनुसार ७ नं. प्रदेशमा दोस्रो चरणको निर्वाचन हुन ५ वटा जिल्लामा बाँकी छ । देशभक्त जनगणतान्त्रिक मोर्चाले दोस्रो चरणको निर्वाचनको लागि प्रत्यक्ष तर्फ ११ जनालाई उम्मेदवार बनाएको छ भने समानुपातिक तर्फ २१ जना उम्मेदवार छन् । दोस्रो चरणको निर्वाचनको लागि देजमोले व्यापक प्रचारप्रसार गरेको कुरा क्रान्तिकारी माओवादीका ७ नं. प्रदेश संयोजक नेता अटलले बताउनु भयो ।

कैलाली, कंचनपुर, अछाम लगायतका जिल्लाहरुका ठाउँ ठाउँमा कोणसभा, चोकसभा, घरदैलो, जनभेटघाट, पर्चा, पम्प्लेटिङ लगायतका कार्यक्रमहरु तीव्र रुपमा भइरहेका छन् । प्रायः प्रचार प्रसार र कोणसभाका कार्यक्रमहरुमा देजमोका सचिवालय सदस्य प्रचार सभालाई देजमो संयोजक राम बहादुर केसीले सम्बोधन गर्नुभएको छ भने १७ गते नेता परि थापाको उपस्थितिमा कैलालीको अत्तरियामा र १८ गते कंचनपुरमा चुनावी सभाको अयोजना गरिएको छ ।

त्यसैगरी दैलेखबाट प्राप्त समाचार अनुसार ६ नं. मा प्रदेशमा रहेका १० जिल्ला मध्ये ७ जिल्लामा पहिलो चरणमा चुनाव सकिएको छ भने बाँकी ३ जिल्ला दैलेख, सुर्खेत र सल्यानमा दोस्रो चरणमा चुनाव सम्पन्न हुँदैछ । क्रान्तिकारी माओवादी ६ नं. प्रदेशका संयोजक हर्क बहादुर शाहीले दिएको जानकारी अनुसार ती जिल्लाहरुमा प्रचार प्रसारलाई व्यापक बनाइएको छ ।

साँस्कृतिक टोलीसहित देजमोका उम्मेदवारहरु कोणसभा, टोलसभा र चोकसभाका कार्यक्रमहरुमा व्यस्त रहेका छन् । दैलेखमा देजमोको पक्षमा चुनावी माहौल राम्रो भएको छ । विभिन्न पार्टी परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेशको लहर नै चलेको छ । जिल्लाका डुम्रासैनी, चामुण्डा, राकम कर्णाली, पिपलकोट, तिङ्घासयन, सेलेवावा, साततला, लकान, विशाला, कुशापानी, दुल्लु, माम्झिका लगायतका स्थानहरुमा कोणसभा सहित सांस्कृतिक सभा र घरदैलो कार्यक्रमहरु भएका छन् ।

यता पोखराबाट प्राप्त समाचार अनुसार ४ नं. प्रदेशका जिल्लाहरुमा पनि देजमोका उम्मेदवारहरुले आक्रामक रुपमा चुनावी प्रचार प्रसार गरिरहेका छन् । स्थानीय मिडियाहरुदेखि जनपरिचालन पनि व्यापक रुपमा गरिएको छ । टिम बनाएर घरदैलो कार्यक्रमहरु भइरहेका छन् ।

नवलपुरको कावासोतीमा ११ मंसिरमा मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको उपस्थितिमा चुनावी सभा सम्पन्न गरिएको छ भन तनहुँ, कास्कीमा पनि चुनावी अभियान घनिभूत रुपमा चलिरहेको क्रान्तिकारी माओवादीका ४ नं. प्रदेश संयोजक श्रीनाथ अधिकारीले जानकारी दिनुभयो ।

त्यसैगरी, बुटवलबाट प्राप्त समाचार अनुसार प्रदेश नं ५ का जिल्लाहरुमा पनि सक्रिय रुपमा प्रचार प्रसारमा लागि घरदैलो लगायत कार्यक्रमहरु भइरहेका छन् । रुपन्देहीमा मोर्चाका अध्यक्ष सीपी गजुरेल र सचिव परि थापाले आयोजित सभाहरुमा सम्बोधन गर्नुभएको छ । सीपी गजुरेलले १० गते र परि थापाले १५ र १६ गते चुनावी सभालाई सम्बोधन गर्नुभएको क्रान्तिकारी माओवादी ५ नं. संयोजक प्रेम सुवेदीले जानकारी दिनुभयो ।

उता १ नं. प्रदेशका उदयपुर, तेह्रथुम, इलाम, सुनसरी, झापा, मोरङलगायतका जिल्लामा घनिभूत रुपमा चुनावी प्रचार प्रसारहरु चलिरहेका छन् । सुनसरीका १ नं. क्षेत्रमा २१ वटा कोणसभा भएका छन् भने २ नं. क्षेत्रमा पनि कोणसभा र घरदैलो व्यापक रुपमा चलिरहेको छ । मोरङका विभिन्न ठाउँमा पनि नियमित रुपमा कोणसभा, चोकसभा भइरहेका छन् । मोर्चाका अध्यक्ष सीपी गजुरेल, पार्टी सल्लाहकार संयोजक डा. ओम गुरुङ, क्रान्तिकारी माओवादीका १ नं. प्रदेश संयोजक राम आचार्य, मोर्चाका संयोजक नगेन्द्र राई लगायतका नेताहरु १ नं. प्रदेशका जिल्लाहरुमा मोर्चाका उम्मेदवारको पक्षमा चुनावी माहौल बनाउन सक्रिय हुनुभएको छ ।

त्यस्तै, २ नं. प्रदेशबाट प्राप्त जानकारी अनुसार जिल्ला जिल्लामा कोणसभा, टोलसभा, चोकसभाहरु भइरहेका छन् । सर्लाही, महोत्तरी र सिरहामा मोर्चाका अध्यक्ष गजुरेलको उपस्थितिमा ठूला सभाहरु सम्पन्न भएका छन् भने साना कोणसभाहरुमा प्रदेश र जिल्लाका नेताहरु र उम्मेदवारहरु उपस्थित हुने गरेका छन् ।

यता ३ नं. प्रदेशका जिल्लाहरुमा पनि टोलसभा, कोणसभादेखि ठूला चुनावी सभासम्म सम्पन्न भएका छन् । प्राप्त जानकारी अनुसार चितवनको ३ नं. निर्वाचन क्षेत्रको माडी बसन्तपुर सहिद चोकमा क्रान्तिकारी माओवादीका महासचिव किरणको प्रमुख उपस्थितिमा चुनावी सभा सम्पन्न भएको छ । महासचिव किरणकै उपस्थितिमा जनकलाकार खुशीराम पाख्रिनको श्रद्धाञ्जली र २ नं. निर्वाचन क्षेत्रको चौविसकोटीमा पनि सभा सम्पन्न भएको छ ।

त्यसैगरी जिल्लाका सबै निर्वाचन क्षेत्रमा साना कोणसभा, घरदैलो र जनभेटघाटका कार्यक्रमहरु तीव्र रुपमा भइरहेका छन् । सिन्धुली र मकवानपुरमा पनि चुनावी माहौल मोर्चाका उम्मेदवारहरुको पक्षमा पार्न कोणसभा, घरदैलो कार्यक्रम भइरहेको र पार्टी तथा मोर्चामा जनआकर्षण पनि बढिरहेको बुझिएको छ । त्यसैगरी काठमाडौंको उपत्यकामा पनि चुनावी प्रचार प्रसार आक्रामक रुपमा अगाडि बढिरहेको छ ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।